# प्रशासकीय अदालतबाट भएका फैसलाहरूको सारसंक्षेप (२०६४–२०७०)





प्रस्तोता
काशीराज दाहाल
प्रशासकीय अदालत
सिंहदरवार, काठमाडौं

## प्रशासकीय अदालतबाट भएका फैसलाहरूको सार संक्षेप

**(२०६४ देखि २०७० चैत्र मसान्तसम्म)**

१. **राजनारायण झा विरूद्ध वन विभाग समेत (सम्वत् २०६२ सालको पु.वे.नं.३४)** **निर्णय मिति २०६४।४।२४**

अलग-अलग कार्यको अलग-अलग अवस्था र परिस्थितिमा गरिएको निर्णय एउटै कसुरका लागि दोहोरो सजाय *(Double Jeopardy)* भएको मान्न नसकिने ।

२. **प्रेमचन्द्र ठाकुर विरूद्ध वन विभागका महानिर्देशक समेत (सम्वत् २०६२ सालको पु.वे.नं. १)** **निर्णय मिति २०६४।९।५।५**

कानूनीराज्यमा कानूनको उचित प्रकृया बमोजिम कारवाही भएको हुनुपर्ने, सजाय दिने अधिकारीले स्पष्टीकरण नसोधी अन्य ब्यक्तिले सोधेको स्पष्टीकरणको आधारमा गरिएको विभागीय सजाय कानून र न्यायको मान्य सिद्धान्त विपरित भई वदर हुने ।

३. **राजेन्द्र यादव विरूद्ध विशेष प्रहरी विभाग सिंहदरबार, (सम्वत् २०६३ सालको पु.वे.नं.१७)** **निर्णय मिति २०६४।९।२६।५**

जुन आरोपमा सेवाबाट हटाउने सजायको निर्णय गरिएको हो, सो मूल कसूरनै अदालतबाट ठहर नभएपछि सोही आधारमा गरिएको सजायको निर्णय उचित र मुनासिब भयो भन्न सकिने अवस्था नहुँदा सेवाबाट हटाउने गरी भएको निर्णय बदर हुने ।

४. **दण्डपाणी बराल विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत (सम्वत् २०६३ सालको पु.वे.नं.७)** **निर्णय मिति २०६४।१०।७।२**

संविधान बमोजिम सार्वजनिक पद धारण गरेको ब्यक्तिले "अनुचित कार्य" गरेको अनुसन्धान तहकिकातबाट देखेमा त्यस्तो ब्यक्ति उपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले "सचेत गराउन" वा "विभागीय" वा "अन्य आवश्यक कारवाही" वा "अन्य आवश्यक कारवाही" मध्ये कुनै विषयमा कारवाहीकालागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्ने अधिकार रहेको देखिन्छ । संविधानको यस व्यवस्था बमोजिम "विभागीय कारवाही" अर्न्तगतका विभिन्न स्वरूपका सजाय मध्ये यो सजाय नै गर्नु भनी स्पष्ट किटानी सजायको निर्णय गरी अख्तियारवाला समक्ष सजायका निम्ति लेखी पठाउने अधिकार संविधानतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहे भएको नदेखिने । ध्यानाकर्षणका लागि फैसलाको प्रतिलिपि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउने ।

अख्तियारवालाले सबूद प्रमाणको मूल्याङ्कनद्वारा न्यायिक मनको प्रयोग गरी निर्णय गरेको भन्ने नदेखिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय बमोजिम यन्त्रवत् रूपमा गरिएको विभागीय सजायको निर्णय कानून र न्यायको मान्य सिद्धान्त प्रतिकूल हुँदा बदर हुने ।

५. **मथुरा डङ्गोल विरूद्ध नेपाल सरकार, जलस्रोत मन्त्रालय समेत(सम्वत् २०६४ सालको पु.वे.नं.२८)** **निर्णय मिति २०६४।१०।१०।५**

**समानताको अवधारणा** आधुनिक लोकतान्त्रिक राज्य व्यवस्थाको आधारभूत शर्त, संविधानवाद् एवं विधिको शासन तथा मानवअधिकारको आत्माको रूपमा रहेको देखिन्छ । राज्यका कुनै पनि अङ्ग तथा पदाधिकारीहरूले समान स्थिति र अवस्थाका ब्यक्तिहरूलाई कानूनको समान व्यवहार नगरेमा त्यस्तो कार्य स्वेच्छाचारी (*Arbitrary*) र भेदभावपूर्ण *(Discriminatory)* भई

कानूनीराज्यको सभ्यता अनुरूप भएको  मानिन्न । राज्यले नागरिकको जीवन, स्वतन्त्रता र सुखको सुनिश्चितताको लागि स्वेच्छाचारिताको अन्त्य गर्न कानूनीशासनको विकास गरेको र कानूनको सर्वोच्चताबाटै राज्य व्यवस्था संचालन हुनुपर्ने मान्यता राखेको  देखिन्छ । कानूनीशासनको सुन्दरतम पक्ष भनेकै राज्य वा राज्यका पदाधिकारीहरूको निरङ्कुश, स्वेच्छाचारी र भेदभावपूर्ण व्यवहारको अन्त्य गरी समान स्थिति र अवस्थाका व्यक्तिहरूमा समान व्यवहार गर्नुपर्दछ भन्ने हो । कानूनीशासनलाई जीवन्त बनाउन राज्यका पदाधिकारी वा अख्तियारवालाले आफनो कानूनी अधिकारको सीमा भित्र रही वस्तुनिष्ठ, तर्कपूर्ण, विवेकसम्मत र मुनासिव किसिमले कार्य सम्पादन गरेमा नै कानून र न्याय व्यवस्थाप्रति सबैको आस्था र विश्वास रहने ।

कार्यालय प्रमुखलाई कुनै कारवाही नगरी निजको मातहत र निर्देशनमा रही काम गर्ने कर्मचारीलाई मात्र सोही विषयमा विभागीय सजाय गर्नु अख्तियारवालाले आफ्नो अधिकार भेदभावपूर्ण किसिमले प्रयोग गरी कारवाही गरेको भन्ने देखिने ।

भ्रष्टाचार गंभीर प्रकृतिको कसूर भएकोले यस सम्बन्धमा संयुक्त राष्ट्रसंघीय भ्रष्टाचार विरूद्धको महासन्धि, २००३ ले अवलम्बन गरेको सिद्धान्त र तत्सम्बन्धी प्रमाण मूल्याङ्कनको मान्यतालाई आत्मसात् गरी राज्य तहमा कार्यान्वयन गर्न गराउन उक्त महासन्धिको राज्यहरू पक्ष बन्ने क्रम बढ्दो देखिन्छ । नेपाल यस अवस्थामा अलगिगएर रहनसक्ने अवस्था समेत  हुँदैन । नेपाल त्यो महासन्धिको पक्ष बन्नु पर्ने । राष्ट्र सेवकबाट अख्तियारको दुरूपयोग गरी  हुने भ्रष्ट्राचारलाई रोकथाम र नियन्त्रण गर्न संविधान एवं कानून बमोजिम स्थापित अङ्ग तथा निकायहरू सक्रिय हुनुलाई अन्यथा भन्नु उचित हुँदैन, तर कानूनीराज्यमा राज्यका सबै कामकारवाहीहरू कानूनकै अधीन र कानूनद्वारा निर्धारित प्रक्रियाद्वारा हुनुपर्दछ । अन्यथा त्यस्तो कारवाही र निर्णय कानून र न्यायका मान्य सिद्धान्त प्रतिकूल भई बदरयोग्य हुने ।

६. **गोपालचन्द्र ठकुरी विरुद्ध निमित्त प्रमुख भन्सार अधिकृत, कञ्चनपुर भन्सार कार्यालय महेन्द्र नगर ( सम्वत् २०६४ सालको पु.वे.नं.३४)** [निर्णय मिति २०६४।१०।२४।५]

न्यायिक प्रकृतिको निर्णय अर्काको निर्देशन (*Dictation*) मा गरेको देखिन्छ भने त्यस्तो निर्णय मान्य नहुने ।

७. **योगराज श्रेष्ठ विरूद्ध श्री पशु सेवा विभाग, हरिहरभवन पुल्चोक ललितपुर समेत (सम्वत् २०६४ सालको पु.वे.नं.३९)** [निर्णय मिति २०६४।११।२।५]

बिदा स्वीकृत नगराई लगातार नब्बे दिन भन्दा बढी आफ्नो कार्यालयमा अनुपस्थित रहेको कसुरमा अधिकारप्राप्त अधिकारीले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय खण्ड  (छ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम सेवाबाट हटाउने गरी गरेको निर्णय कानूनसम्मत नै हुने ।

८. **विष्णुप्रसाद तिवारी विरूद्ध श्री सिचाई विभाग, जावलाखेल, ललितपुर समेत (सम्वत् २०६२ सालको पु.वे.नं.३)** [निर्णय मिति २०६४।११।१६।५]

प्राकृतिक न्यायको सिद्धान्त जुनसुकै मुद्दामा पनि यन्त्रवत् प्राविधिक रूपमा मात्र नलिई वास्तविक न्याय प्रदान गर्न मुद्दाको विषयवस्तु र परिस्थितिमा निर्भर रहने कुरा भएकाले सोही अनुरूप अदालतले न्यायको रोहमा प्राकृतिक न्यायको सिद्धान्तलाई पालना भएको छ छैन भनी हेरी निष्कर्षमा पुग्नुपर्ने ।

निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिन भन्दा बढी आफ्नो कार्यालयमा अनुपस्थित भएको आरोपमा अधिकारप्राप्त अधिकारीले त्यस्तो कर्मचारीलाई सेवाबाट हटाउनसक्ने व्यवस्था भए अनुरूप आरोपको सूचना दिई निजले सोको स्पष्टीकरण जबाफ समेत पेश गरेको देखिँदा प्राकृतिक न्यायको सिद्धान्त विरूद्ध उचित प्रतिवादको मौका नै नपाएको र दुराशयपूर्ण किसिमले निजामती सेवा ऐन, २०४९ को कानूनीव्यवस्था विपरित कारवाही गरिएको भन्ने पुनरावेदकको जिकीर मुनासिब नदेखिने ।

निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय ( छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिन सम्म आफ्नो कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई सेवाबाट हटाउनसक्ने कानूनीव्यवस्था भएको र सो आरोपका सम्बन्धमा अधिकारप्राप्त अधिकारीले समयमा नै कारवाही नगरी धेरै समय व्यतीत भएपछि कारवाही गर्नेगरेको समेत देखिएको हुँदा सम्बन्धित मन्त्रालय, विभाग र कार्यालयले तत्सम्बन्धमा बिदा स्वीकृत गर्ने वा नगर्ने वा जे जस्तो कानून बमोजिम कारवाही गर्ने हो समयमा नै गर्नु उचित हुने देखिएकाले सो अनुरूप गर्नगराउन नेपाल सरकारका मुख्य सचिवको ध्यानाकर्षणका लागि फैसलाको प्रतिलिपि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाउने ।

९. **भूपबहादुर बोगटी विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत(सम्वत् २०६४ सालको पु.वे.नं. २७)** **निर्णय मिति २०६४।११।३०।५**

सजाय नै किटान गरी विभागीय कारवाही गर्न अख्तियारवालालाई निर्देशन दिने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई नभएको, कुनै पनि ब्यक्तिको हक अधिकारमा असर पर्ने न्यायिक वा अर्ध-न्यायिक प्रकृतिको निर्णय गर्ने अधिकारीले न्यायका आधारभूत सिद्धान्तलाई आत्मसात गरी निर्णय गर्नुपर्ने,

प्रशासकीय न्यायको सिद्धान्त बमोजिम निर्णय गर्दा अपनाउनुपर्ने विभिन्न चौध (१४) वटा मार्गदर्शक सिद्धान्त जारी गरी सो सिद्धान्तको पालना गरी निर्णय गर्न नेपाल सरकार, मन्त्रालय, विभाग र कार्यालयका सार्वजनिक पदाधिकारीका नाममा निर्देशनात्मक आदेश जारी हुने साथै सो बमोजिम गर्न गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षणकालागि फैसला पठाउने ।

**प्रशासकीय न्यायको सिद्धान्त बमोजिम निर्णय गर्दा अपनाउनुपर्ने विभिन्न मार्गदर्शक सिद्धान्त :**

- कानूनीराज्यमा कानूनले दिएको अधिकारभन्दा बाहिर गई गरेको कार्य अवैध र शून्य हुन्छ । निर्णयकर्ताले कानूनको अख्तियारी र कानूनी सीमा बाहिर नगई कानूनको परिधीभित्र रही अधिकार प्रयोग गरेको हुनुपर्ने ।
- निर्णयकर्तालाई कानूनले कारवाही र निर्णय गर्ने अधिकार नदिएको अवस्थामा निर्णयकर्ताले जतिसुकै अन्य कुराको रित पुऱ्याएको भएपनि अधिकारक्षेत्र नभएको विषयमा निर्णय गरेमा त्यस्तो निर्णय मान्य नहुने ।
- निर्णयकर्ताले प्राकृतिक न्यायको सिद्धान्तलाई पूर्ण परिपालना गरी निर्णय गरेको हुनुपर्दछ । प्राकृतिक न्यायको सिद्धान्त बमोजिम निर्णयकर्ताले पूर्वाग्रह वा प्रवृत्त भावना नलिई स्वतन्त्र र निष्पक्ष भई निर्णय गर्नुपर्दछ । निर्णयकर्ताले आफ्नो निर्णय कुनैपनि किसिमले पूर्वाग्रहबाट प्रेरित नभई वस्तुगत रूपमा तर्क र विवेक प्रयोग गरी निर्णयमा पुगेको देखिनुपर्दछ । प्राकृतिक न्यायको

सिद्धान्त बमोजिम निर्णयकर्ताको निर्णयबाट असर वा प्रभाव पर्ने व्यक्तिलाई उचित प्रतिवादको मौका दिएको हुनुपर्ने ।

- कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक कानूनले जुन अधिकारीलाई निर्णय गर्ने अधिकार तोकेको छ त्यही अधिकारीले सो निर्णय गर्नुपर्दछ, कानून प्रतिकूल हुनेगरी गरिएको प्रत्यायोजित अधिकार मान्य नहुने ।
- अधिकारप्राप्त अधिकारीले आफ्नो अधिकार सदाशयतापूर्वक असल नियतले प्रयोग गरेको हुनुपर्दछ । अधिकारप्राप्त अधिकारीले आफ्नो अधिकार कपटपूर्ण वा दुराशयपूर्ण किसिमले प्रयोग गरेको छ वा बेइमानीको नियतले कामकारवाही गरेको छ भने त्यसलाई अधिकारको दुरूपयोग गरेको मानी त्यस्तो कारवाही न्यायको रोहमा अमान्य हुने ।
- अधिकारप्राप्त अधिकारीले आफ्नो अधिकार मुनासिब किसिमले प्रयोग गरेको हुनु पर्दछ । असान्दर्भिक, असम्बन्धित, दुराशय वा कानूनको उद्देश्य प्रतिकूल हुने गरी कारवाही र निर्णय गरिएको छ भने त्यस्तो कार्य बेमुनासिब भएको मानिन्छ । असमान, भेदभावपूर्ण व्यवहार वा कपटपूर्ण कार्य बेमुनासिब भएको मानी न्यायको रोहमा त्यस्तो कारवाही र निर्णय अमान्य हुने ।
- कानूनले जुन उद्देश्य र अपेक्षा राखेको हुन्छ त्यही उद्देश्य र अपेक्षा अनुरूप निर्णयकर्ताले कानूनको प्रयोग गरी निर्णय गरेको हुनुपर्दछ । कानूनको मनशाय र उद्देश्य प्रतिकूल हुने गरी अधिकारको प्रयोग गरेको रहेछ भने त्यस्तो निर्णय मान्य नहुने ।
- निर्णयकर्ताले आफ्नो स्वविवेकीय अधिकारको प्रयोग विवेकपूर्ण किसिमले आफैंले प्रयोग गरेको हुनुपर्दछ । निर्णयकर्ताले कसैको निर्देशनमा निर्णय गर्दछ भने त्यो अनुचित हुन्छ । निर्णयकर्ताले आफ्नो स्वविवेकीय अधिकार अर्काको निर्देशनमा प्रयोग गर्नुनहुने ।
- कानून बमोजिम स्वविवेकीय अधिकार प्रयोग गरी निर्णय गर्ने अधिकार पाएको निर्णयकर्ताले आफ्नो स्वविवेकीय अधिकार परित्याग गरी निर्णय गरेको रहेछ भने त्यस्तो निर्णय मान्य हुँदैन । निर्णयकर्ताले आफ्नो निर्णयमा स्वविवेक प्रयोग गरी निर्णय गर्नुपर्नेमा अर्काले पेश गरेको टिप्पणी सदर गरी यन्त्रवत् रूपमा काम गरेमा त्यस्तो निर्णय मान्य नहुने ।
- निर्णयकर्ता कुनै निर्णयमा पुग्न कानूनले कुनै निश्चित पूर्वावस्था, पूर्वशर्त वा पूर्वाधार तोकेको छ भने स्पष्ट रूपमा सो पूर्वाधार विद्यमान भएको हुनुपर्ने ।
- कानूनीकर्तव्य वा दायित्व पूरा गर्नुपर्ने जिम्मेवारी रहेको कुनै पनि सार्वजनिक अधिकारीले त्यस्तो कर्तव्य वा दायित्व पूरा नगर्ने गरी कुनै सम्झौता वा निर्देशन बमोजिम छुट भएको भनी वा परिपत्र बमोजिम भनी त्यस्तो कानूनीदायित्व पूरा नगर्ने गरी इन्कार गर्न नसकिने ।
- निर्णयकर्ताले हदम्याद, हकदैया, क्षेत्राधिकार, प्राङ्गन्याय वा दोहोरो खतराको सिद्धान्त जस्ता कानूनका आधारभूत सिद्धान्त एवं कानून र न्यायको मान्य सिद्धान्तलाई ध्यान दिई निर्णय गर्नुपर्दछ । ऐन कानून प्रतिकूल हुने गरी जारी गरिएको निर्देशन र परिपत्रको आधारमा निर्णय गर्नुहुँदैन । परिपत्रले कानूनी व्यवस्थालाई निष्कृय र निष्प्रभावी बनाउन पनि सक्दैन । संविधान, ऐन, नियम र नजिरको विपरित हुने गरी परिपत्रको आधारमा गरिएको निर्णय मान्य नहुने ।
- निर्णयकर्ताले फौजदारी प्रकृतिको कसूरमा निर्णय गर्नुपूर्व संविधान तथा मानवअधिकारका मान्यता प्राप्त अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेको फौजदारी न्यायको हकलाई सम्मान गर्दै त्यस सम्बन्धी कार्यविधिको पालना गरी निर्णय गरेको हुनुपर्ने ।

- निर्णयकर्ताले आरोपीलाई कसूरको मात्राको अनुपातमा सजाय दिएको भएमा नै त्यस्तो निर्णय मान्य हुन्छ । कसूरको मात्रा भन्दा सजायको मात्रा बढी वा चर्को भएमा त्यस्तो निर्णय बदरयोग्य हुने ।

**१०. हरिबहादुर खड्का विरूद्ध भूमिसुधार तथा व्यवस्थापन विभाग समेत (सम्वत् २०६४ को पु.वे.नं.५०)** **निर्णय मिति २०६५।२।२७।२**

निर्णय गर्दा निर्णयकर्ताले त्यस्तो निर्णयमा आधार र कारण खुलाउनु पर्ने, अधीनस्थ कर्मचारीले पेश गरेको टिप्पणीलाई सदर गरी गरिएको निर्णय न्यायिक मनको प्रतिकूल हुँदा बदर हुने ।

**११. रामकृष्ण मण्डल विरूद्ध जिल्ला विकास समिति झापा समेत (सम्वत् २०६४ सालको पु.वे.नं.५५)** **निर्णय मिति २०६५।२।३०।५**

अधिकारक्षेत्र नभएको ब्यक्तिले गरेको निर्णय अवैधानिक हुने, कानूनले स्पष्ट रूपमा क्षेत्राधिकार नसारेसम्म पहिले क्षेत्राधिकार ग्रहण गरेको निकाय वा अधिकारीले नै त्यस्तो मुद्दाको कारवाही र किनारा गर्नुपर्ने ।

जिल्ला विकास समितिको कार्यालय झापाका स्थानीय विकास अधिकारीले निज पुनरावेदकलाई विभागीय सजाय गर्दा **अधिकारक्षेत्रको त्रुटि** (*Jurisdictional Error*) भएको प्रत्यक्ष रूपमा देखिएको यस अवस्थामा विभागीय कारवाही गरी सेवाबाट हटाउने गरी गरिएको स्थानीय बिकास अधिकारीको निर्णय अधिकारक्षेत्रको अभावमा कानून प्रतिकूल भई वदर हुने ।

**१२. मधु न्यौपाने विरूद्ध जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकको (सम्वत् २०६४ को पु.वे.नं.४४)** **निर्णय मिति २०६५।३।१९।५**

कुनैपनि ब्यक्तिको हक अधिकारमा प्रतिकूल असर पर्ने निर्णय गर्दा त्यस्तो निर्णयकर्ताले भूतलक्षी असर (*Retrospective Effect*) पर्ने गरी निर्णय गर्न नहुने भन्ने मान्य सिद्धान्त हुँदा भूतलक्षी असर गर्ने निर्णय मान्य नहुने ।

न्यायिक मनको अभावमा अधीनस्थ कर्मचारीले पेश गरेको टिप्पणीलाई सदर गरी गरेको निर्णय कानून तथा न्यायको मान्य सिद्धान्त विपरित देखिँदा यी पुनरावेदकलाई जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकले सेवाबाट हटाउने गरी गरेको विभागीय सजायको निर्णय बदर हुने ।

**१३. पूर्णबहादुर खड्का विरूद्ध भूमि सुधार तथा व्यवस्था मन्त्रालय समेत (सम्वत् २०६४ सालको पु.वे.नं.४५)** **निर्णय मिति २०६५।।७।२०।४**

कानून प्रतिकूल गरिएको कार्यबाट उत्पन्न परिणामको दायित्व पन्छाउन त्यस्तो कार्य गर्नेले कानूनतः नमिल्ने, किर्ते नक्शालाई सद्दे भनी प्रमाणित गर्ने सम्बन्धित कर्मचारीले कानूनी दायित्व वहन गर्नुपर्ने,

राज्यका निकायमा कार्यरत सरकारी कर्मचारीहरूबाट सरकारी निकायमा रहेको कुनैपनि अभिलेख, कागजात, सरकारी श्रेस्ता सुरक्षित र संरक्षित रूपमा व्यवस्थित किसिमले राखेको हुन्छ भन्ने आम जनताले अपेक्षा र विश्वास गरेको हुन्छ । सरकारी अभिलेखमा रहेका जनताका हक अधिकारसँग सम्बन्धित कागजात, सम्पत्तिसँग सम्बन्धित सक्कल अभिलेखहरू कर्मचारीहरू कै मिलेमतोबाट किर्ते गरिन्छ भने त्यस्तो कार्यलाई गम्भीर कसूरमान्नु पर्ने ।

सरकारी निकायमा रहेका लिखत अभिलेखहरूलाई गैरकानूनीकिसिमले कर्मचारीहरूबाटै सच्याउने, किर्ते गर्ने, किर्तेलाई सक्कल भनी प्रमाणित गरिदिने जस्तो अशोभनीय कार्य भएमा जनताको सरकारी निकाय र कर्मचारीप्रति आस्था, विश्वास र भरोसा नरहने ।

नापी कार्यालयमा भएको जग्गा नापीको सक्कल नक्शा प्रिन्ट नै सम्बन्धित सरकारी कर्मचारीको मिलेमतोबाट किर्ते गरिएको र किर्ते लिखतलाई सद्दे भनी प्रमाणित गरिदिने कर्मचारीलाई गरिएको सजाय कानूनसम्मत नै मान्नुपर्ने ।

सरकारी निकायमा रहेको श्रेस्ता, नक्शा, अभिलेखहरू सम्बन्धित कर्मचारीकै मिलेमतोमा किर्ते भईरहेको भन्ने देखिएको स्थितिमा त्यस्ता निकायहरू प्रति जनताको विश्वास, आस्था र भरोसा नहुने भएका कारण त्यस्ता निकायप्रति विश्वास र आस्था वचाई राख्न र जनताको सम्पत्तिसँग सम्बन्धित अभिलेख सुरक्षित, व्यवस्थित र वैज्ञानिक किसिमले राख्ने र राख्न लगाउने सम्बन्धमा उपयुक्त व्यवस्थापन गर्नु भनी भूमि सुधार तथा व्यवस्था मन्त्रालय, भूमि सुधार तथा व्यवस्थापन विभाग, नापी विभाग र नापी कार्यालयका नाममा निर्देशनात्मक आदेश समेत जारी हुने ।

**१४. शिवकुमार गिरी विरूद्ध कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरवार (सम्वत् २०६३ सालको पु.वे.नं.५३)** निर्णय मिति २०६६।१।१०।५

अधिकार प्रत्यायोजन सम्बन्धी विधिशास्त्रीय मान्यता र निजामती सेवा ऐन, २०४९ को दफा ६३ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विभागीय मन्त्रीले सचिवलाई अधिकार प्रत्यायोजन गरी विभागीय सजायको निर्णय भएको भन्ने नदेखिँदा सचिवस्तरीय निर्णय कानून प्रतिकूल भएकोले बदर हुने ।

**१५. एकप्रसाद सिंखडा विरूद्ध नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय (सम्वत् २०६३ सालको पु.वे.नं.५६)** निर्णय मिति २०६६/२/१४/५

नेपाल सरकारबाट निजामती कर्मचारीलाई दिइने अध्ययन बिदाका सम्बन्धमा समान अवस्थामा कसैलाई अध्ययन बिदा दिने गरेको र कसैलाई नदिएको, त्यसमा पनि अध्ययन बिदा लिई लामो समयसम्म विदेशमा बसेकाहरूका हकमा समेत कसैलाई पुनः अध्ययन बिदा भनी थप स्वीकृत दिएको र कसैका हकमा भने थप बिदा नदिएको भन्ने देखिँदा बिदा स्वीकृत गर्ने वा नगर्ने वा के कस्तो स्थिति र अवस्थामा अध्ययन बिदा थप गर्ने वा नगर्ने भन्ने सम्बन्धमा वस्तुगत र तर्कपूर्ण आधारहरू हुनुपर्ने भएकाले सो सम्बन्धमा सरकारी निकायहरूमा एकरूपता कायम गर्न समेत निश्चित मापदण्ड निर्धारण गरी लागू गर्न नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

**१६. राजकिशोर प्रसाद स्वर्णकार विरूद्ध जिल्ला वन कार्यालय, कैलाली समेत (सम्वत् २०६४ सालको पु.वे.नं.५८)** निर्णय मिति २०६६/१/३/५

वन कटान रोक्न विभिन्न कार्य गर्नुपर्ने कानूनीदायित्व भएकालाई सो दायित्व पूरा नगरेको आरोपमा गरिएको विभागीय सजायको निर्णय कानूनसम्मत नै देखिने ।

वन प्रशासनका क्षेत्रमा सम्बद्ध पदाधिकारी वा कर्मचारीले प्राकृतिक स्रोत, पर्यावरणीय सन्तुलन र जैविक विविधतामा गैरकानूनीमानवीय कार्यबाट हुने क्षति वा विनाशको लागि सम्वन्धित पदाधिकारी समेत जिम्मेवार वनाइने आधुनिक वन विधिशास्त्रले आत्मसात गरेको सिद्धान्तलाई समेत नेपालको वन कानूनमा समाहित गराउन त्यस्तो वन कर्मचारीको वन संरक्षण सम्बन्धी कर्तव्य, जिम्मेवारी र सजाय सम्वन्धित वन ऐन कानूनमा नै स्पष्ट किटानी व्यवस्था गरी वातावरण मैत्री

कानून बनाउन नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुने । यस निर्णयको जानकारीका लागि वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको ध्यानाकर्षणका लागि फैसलाको प्रतिलिपि समेत पठाउने ।

वातावरणीय सन्तुलनकालागि मुलुकको कूल भूभागको कम्तीमा चालीस प्रतिशत भूभागमा वन क्षेत्र कायम राख्ने सम्बन्धमा संविधान ऐन कानूनमा व्यवस्था गर्न नेपाल सरकार र संविधानसभा सचिवालयलाई फैसलाको प्रतिलिपि पठाई जानकारी गराउने ।

**१७. ध्रुवप्रसाद उपाध्याय वाग्ले विरूद्ध नेपाल सरकार, उद्योग मन्त्री समेत (सम्वत् २०६६ सालको पु.वे.नं.२९) निर्णय मिति २०६६/८/२२/२** **निर्णय मिति २०६६।८।२२।२**

निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ९४ को उपनियम (६) बमोजिम निर्णय गर्नुपर्नेमा राजीनामा स्वीकृत भएको कर्मचारीको राजीनामा वदर गरी पुनः कर्मचारी नै कायम गरी कारवाही गरेको त्यति हदसम्मको प्रक्रिया विभागीय मन्त्रीको कार्य त्रुटिपूर्ण भई गल्ती भएको मान्नुपर्ने ।

कुनैपनि विषयमा अनुसन्धान तहकिकात भई सो प्रक्रिया नटुङ्गिदैको अवस्थामा कानूनी व्यवस्थालाई निष्कृय र प्रभावहीन बनाउने गरी राजीनामा स्वीकृत लगायतका कार्य गर्नु पनि स्वयंमा स्वथ्यकर कारवाही भएको मान्न नमिल्ने ।

**१८. केदारबहादुर बोगटी विरूद्ध लोकसेवा आयोग केन्द्रीय कार्यालय, काठमाडौं समेत (सम्वत् २०६६ सालको पु.वे.नं.१३)** **निर्णय मिति २०६६/१०/४/२**

विभागीय सजायको निर्णयमा न्यायिक मनको प्रयोग गरी निर्णय गरेको नभई अधीनस्थ कर्मचारीले पेश गरेको टिप्पणी सदर गरी निर्णय गरेको देखिदा सो निर्णय निजामती सेवा नियमावली, २०५० को नियम ११२ बमोजिम समेत भएको नदेखिएकोले लोकसेवा आयोगको सचिवस्तरीय सो निर्णय वदर हुने ।

यस अदालतबाट **मिति २०६४।११।३० मा भुपवहादुर वोगटी** विरूद्ध **अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत** भएको मुद्दामा अधीनस्थ कर्मचारीले पेश गरेको टिप्पणी यन्त्रवत रूपमा सदर गर्ने निर्णय मान्य नहुने भनी विभिन्न १४ वटा सिद्धान्तहरू समेतको पालना गरी निर्णय गर्न गराउन नेपाल सरकार, विभिन्न मन्त्रालय, विभाग, कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी गरी सो फैसला बमोजिम गर्न गराउन प्रधानमन्त्री तथा मन्त्रीपरिष्दको कार्यालय तथा नेपाल सरकारका मुख्य सचिवको समेत ध्यानाकर्षणको लागि फैसलाको प्रमाणित प्रतिलिपि समेत पठाइसकेको अवस्थामा पुनः सो निर्देशनसम्मत नहुने गरी टिप्पणी सदर गरी निर्णय गर्नु कानून, न्याय र निर्देशनात्मक आदेश विपरित भएकोले सो निर्देशनात्मक आदेशको पालना गरी कार्यसम्पादन गर्न गराउन लोकसेवा आयोगका सचिवको नाममा समेत निर्देशनात्मक आदेश जारी हुने ।

**१९. रणबहादुर श्रेष्ठ विरूद्ध सचिव, अर्थ मन्त्रालय, सिंहदरवार, समेत ( सम्वत् २०६६ सालको पु.वे.नं.१२)** **निर्णय मिति २०६६/१०/१८/२**

न्यायिक मनको प्रयोग गरी निर्णय गरेको नभई अधीनस्थ कर्मचारीले पेश गरेको टिप्पणी सदर गरी निर्णय गरेको देखिदा सो निर्णय निजामती सेवा नियमावली, २०५० को नियम ११२ बमोजिम समेत भएको नदेखिएकोले अर्थ मन्त्रालयको सचिवस्तरीय निर्णय वदर हुने ।

**२०. रामआधार साह विरूद्ध उद्योग मन्त्रालय, काठमाडौं समेत (सम्वत् २०६६ सालको पु.वे.नं.१०)** निर्णय मिति २०६६/११/२८/६

तल्लो निकाय वा अधिकारीलाई भएको अधिकार माथिल्लो निकाय वा अधिकारीले मिची वा हरण गरी गरेको निर्णय क्षेत्राधिकार हरण विरूद्धको सिद्धान्तको आधारमा अमान्य हुने । सचिवलाई भएको अधिकार आफूले प्रयोग नगरी मन्त्रीस्तरबाट भनी गराएको निर्णय मान्य नहुने ।

कुनै पनि निजामती कर्मचारीलाई मनपरी ढंगबाट विभागीय कारवाही नहोस् भन्नका निम्ति त्यसको नियन्त्रणकालागि लोकसेवा आयोगको परामर्श लिनु पर्ने संवैधानिक व्यवस्था गरिएको हो । कारवाही गर्ने पदाधिकारीले माग गरेको भन्दा बढी सजाय गर्न परामर्श दिने अधिकार कानूनतः त्यस्तो निकायलाई रहे भएको देखिन्न । यी पुनरावेदकलाई एक ग्रेड रोक्काको सजाय गर्न लोकसेवा आयोगसँग परामर्श माग गरेकोमा सो माग भन्दा बढी २ ग्रेड रोक्का गर्ने भनी लोकसेवा आयोगले परामर्श दिएको लोकसेवा आयोगको पत्रबाट देखियो । यी पुनरावेदकलाई राज्यमन्त्रीको तहबाट २०६६।४।१९ मा दुईतलव वृद्धि रोक्काको टिप्पणी सदर गरी मिति २०६६।४।२६ मा राज्यमन्त्रीको तहबाट निर्णय पर्चा खडा गरी लोकसेवा आयोगको परामर्शको आधारमा २ ग्रेड रोक्का गर्ने गरी गरेको निर्णय अधिकारक्षेत्रको अभावमा कानून र न्यायको मान्य सिद्धान्त प्रतिकूल हुँदा वदर हुने । यस सम्बन्धमा लोकसेवा आयोगको समेत ध्यानाकर्षण गराउन फैसलाको प्रतिलिपि पठाउने ।

यस अदालतबाट मिति २०६४।११।३० मा भूप बहादुर बोगटी विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत भएको मुद्दामा कानून प्रतिकूल हुने गरी जारी गरिएको परिपत्र मान्य नहुने, अधिकारक्षेत्र नभएको व्यक्तिले गरेको निर्णय मान्य नहुने, स्वार्थ बाझिएको विषय आफैले निर्णय गर्न नहुने, प्रतिवादको मौका नदिई गरेको निर्णय मान्य नहुने, न्यायिक अधिकार प्रत्यायोजन गर्न नहुने, निमित्त अधिकारीले गरेको निर्णय मान्य नहुने, कपटपूर्ण वा दुराशयपूर्ण किसिमले गरेको निर्णय मान्य नहुने, अधिकारको छलपूर्ण प्रयोग मान्य नहुने, स्वविवेकीय अधिकार निर्णयकर्ता आफैले प्रयोग गर्नु पर्ने, हदम्याद, क्षेत्राधिकार र प्राङ्गन्यायको सिद्धान्त समेतको पालना गर्नुपर्ने, फौजदारी प्रकृतिको मुद्दामा फौजदारी न्यायको सिद्धान्तलाई आत्मसात् गरी निर्णय गरेको हुनुपर्ने, कसूरको गाम्भिर्यको अनुपातमा सजाय गरेको हुनुपर्ने, निर्णयमा आधार कारण खुलेको हुनुपर्ने, अधीनस्थ कर्मचारीले पेश गरेको टिप्पणी सदर गरेको निर्णय मान्य नहुने जस्ता विभिन्न १४ वटा सिद्धान्तहरू समेतको पालना गरी निर्णय गर्ने गराउने पद्दती र संस्कारको विकास गरी कानूनी सभ्यता कायम गर्न नेपाल सरकार, उद्योग मन्त्रालयका सचिवको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

राज्यका निकाय र पदाधिकारीहरूले कानूनी प्रश्नमा निर्णय गर्नु पूर्व कानून अधिकृतहरूको राय परामर्श समेत लिने र कानून अधिकृतले पनि कानून र न्यायका मान्य सिद्धान्तहरूको अध्यावधिक जानकारी राखी सोही अनुरूप राय परामर्श दिन सके निर्णयकर्ताको निर्णयमा कानूनी त्रुटि हुनसक्ने सम्भावना कम भई राज्यले त्रुटिपूर्ण निर्णयबाट वहन गर्नुपर्ने नोक्सानीको दायित्व कम हुने हुँदा त्यस तर्फ समेत सम्बन्धित पदाधिकारीहरूको ध्यानाकर्षण गराउने ।

**२१. बद्री बहादुर बुढाथोकी विरूद्ध नेपाल गुणस्तर तथा नापतौल विभाग बालाजु, काठमाडौं समेत (सम्वत् २०६६ सालको पु.वे.नं २६)** निर्णय मिति २०६७/१/२३/५

सजाय माग दावी गरेको भन्दा बढी सजाय गर्न परामर्श दिन सक्ने अधिकार परामर्शदिने निकाय र पदाधिकारीलाई पनि रहेको देखिन्न । कुनै पनि निजामती कर्मचारीलाई मनपरी ढंगबाट विभागीय कारवाही नहोस् भन्नका निम्ति त्यसको नियन्त्रणकालागि लोकसेवा आयोगको परामर्श

लिनु पर्ने संवैधानिक व्यवस्था गरिएको हो । कारवाही गर्ने पदाधिकारीले माग गरेको भन्दा बढी सजाय गर्न परामर्श दिने अधिकार कानूनतः त्यस्तो निकायलाई रहे भएको नदेखिने ।

निमित्त महानिर्देशकले गरेको विभागीय सजायको निर्णय अधिकारक्षेत्रात्मक त्रुटिका आधारमा वदर हुने ।

२२. **प्रभुलाल चौधरी विरुद्ध नेपाल सरकार, जलश्रोत मन्त्रालय, सिचाई विभाग पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, विराटनगर (सम्वत् २०६६ सालको पु.वे.नं १८)** निर्णय मिति २०६७/१/३०/५

नेपाल कानूनले के कस्तो फौजदारी अभियोग नैतिक पतन हुने भन्ने सम्बन्धमा कुनै स्पष्ट परिभाषा गरी मुद्दाहरूको वर्गीकरण गरेको देखिन्न । नैतिक पतन देखिने फौजदारी अपराधभित्र के कस्ता अपराधहरू पर्दछन् भन्ने प्रश्न आफैमा एउटा जटिल प्रश्न भएकाले विधायिकाबाट कानूनमा कुनै स्पष्ट परिभाषा वा स्पष्टीकरण गरी नैतिक पतन सम्बन्धी अपराधको वर्गीकरण गरेको पाइन्न । कुनै व्यक्तिमा कुनै अयोग्यताका आधारहरू तोक्ने सन्दर्भमा कतिपय ऐन कानूनमा नैतिक पतन हुने फौजदारी कसूरमा सजाय पाएको भन्ने सम्मको उल्लेख भएको देखिन्छ । कुनै अपराध नैतिक पतन देखिने फौजदारी अपराध हो होइन भन्ने कुराको निर्णय सम्बन्धित समाजमा तत्काल कायम रहेको नैतिक मूल्यको सन्दर्भमा गर्नुपर्ने हुन्छ । सधैं र सबै परिस्थितिका लागि नैतिक पतन देखिने फौजदारी अपराधको किटुवा सूची तयार गरी स्पष्टीकरण वा परिभाषा दिन पनि सम्भव देखिन्न । यही कुरालाई ध्यानमा राखी नैतिक पतन हुने फौजदारी कसूरमा किटान गर्ने कार्य विधायिकाले न्यायिक विवेकमा नै छाडेको र न्यायकर्ताले पनि विषय र सन्दर्भलाई विचार गरेरमात्र त्यस सम्बन्धमा कुनै निष्कर्षमा पुग्नुपर्ने ।

हात जस्तो महत्वपूर्ण कर्मेन्द्रीय अङ्ग नै बेकम्मा हुने गरी छिनाई अदालतबाट त्यस्तो कसूरमा सजाय पाएको अवस्थामा नैतिक पतन नहुने सदाचारयुक्त काम गरेको भन्न सकिने अवस्था नहुँदा अङ्गभङ्गको कसूर गरेको भन्ने अदालतको फैसलाबाट समेत ठहर भईसकेको अवस्थामा सेवाबाट वर्खास्त गर्ने गरी गरिएको निर्णय कानून सम्मत नै देखिँदा सदर हुने ।

२३. **भिमवहादुर राई विरुद्ध श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार, काठमाडौं समेत (सम्वत् २०६६ सालको पु.वे.नं.१५)** निर्णय मिति २०६७।२।२०।५

कुनैपनि निजामती कर्मचारीले निजामती सेवा ऐन बमोजिम अनुशासन उल्लंघनको आरोपका सम्बन्धमा जुन कार्यालय र अधिकारीबाट विभागीय कारवाही शुरू गरिएको हो सो कारवाहीको प्रकृया पूरा गरी अन्तिम निर्णय मात्र हुन बाँकी रहेको अवस्थामा समेत त्यस्तो कर्मचारीलाई अर्को कार्यालयमा सरूवा गर्दा निजको हकमा गर्नुपर्ने बाँकी विभागीय कारवाही पनि निज सँगसँगै हस्तान्तरण भई जाने कारणले जुन उद्देश्य र मर्म अनुरूप विभागीय कारवाहीको प्रकृया बढाईएको हो सो उद्देश्य र मर्म अनुरूप सरूवा भई गएको कार्यालयबाट कारवाही गर्न विभिन्न समस्याहरू उत्पन्न हुने गरेको भन्ने देखिँदा विभागीय कारवाहीको अवस्थामा रहेको कर्मचारीलाई निजको सरूवा गरे पनि त्यस्तो कर्मचारीको हकमा यथाशीघ्र विभागीय कारवाही टुंग्याईसकेपछि मात्र सरूवा भएको सम्बन्धित कार्यालयमा रमाना दिने वा विभागीय कारवाही पछि सम्बन्धित कर्मचारीका सम्बन्धमा अन्य व्यवस्था गर्नु उपयुक्त हुने देखिँदा सो बमोजिम गर्न गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने ।

**२४. सुरेश गिरी विरूद्ध जिल्ला वन कार्यालय मकवानपुर समेत (सम्वत् २०६६ सालको पु.वे.नं. १७)** निर्णय मिति २०६७/२/२४/२

आफ्नो कर्तव्यप्रति जिम्मेवार नहुने कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ बमोजिम अधिकारप्राप्त अधिकारीले विभागीय सजाय गर्न सक्ने नै देखिंदा यी पुनरावेदक निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी आफू कार्यरत क्षेत्रमा अनुपस्थित रहेको कसुरमा अधिकारप्राप्त अधिकारीले निजामती सेवा ऐन, २०४९ बमोजिम निजको स्पष्टीकरण समेत लिई लोकसेवा आयोगको परामर्श समेतका आधारमा सेवाबाट हटाउने गरी गरेको निर्णय कानूनसम्मत देखिंदा सदर हुने ।

**२५. मानकुमार प्रधान विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौं समेत (सम्बत् २०६२ सालको पु.बे.नं ३१)** निर्णय मिति २०६७/३/१७/५

आफु जुन कार्यालयमा कार्यरत रहेको हो सोही कार्यालयले सुकुम्वासीलाई वितरण गर्नु पर्ने जग्गा आफै अव्यवस्थित सुकुम्वासी भनी कानूनको गलत व्याख्या गरी गैर जिम्मेवारीपूर्वक कार्य गरेको भन्ने देखिन आएकोले यी पुनरावेदकलाई पद अनुसार आचरण नगरेको भनी निजामती सेवा ऐन, २०४९ बमोजिम विभागीय सजाय गर्ने गरेको निर्णय कानून सम्मत नै देखिँदा सदर हुने ।

**२६. सोमभगत तामाङ्ग विरूद्ध काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं समेत (सम्वत् २०६७ सालको पु.वे.नं.३३)** निर्णय मिति २०६७/६/४/२

अदालत न्यायको अन्तिम आश्रयस्थल र जनताको आस्थाको धरोहर भएकाले न्याय सम्पादनको प्रकृया र फैसला कार्यान्वयनको कार्यमा संलग्न पक्षहरूकै आचरण, इमान्दारिता, निष्पक्षता, सक्षमता र उत्तरदायीपूर्ण भूमिकाले नै  अदालतप्रतिको जनआस्था अभिवृद्धि हुने हो । अदालतप्रतिको जनआस्था मुद्दाको फैसला वा आदेश गर्ने निर्णयकर्ता र त्यसको कार्यान्वयन गर्ने कर्मचारी सम्बद्ध सबैको स्वच्छ आचरण र व्यवहारमा नै निर्भर रहने र स्वच्छ काम कारवाहीले नै न्याय सम्पादनको कार्यलाई गतिशीलता प्रदान गर्ने हुँदा अदालतको फैसलाबाट ठहर भएको सजाय भन्दा कम सजाय हुने गरी लगत कसी दोषीले सजाय भोग्नु भन्दा अगावै छुटी जाने कार्य भएको देखिँदा सो कार्य स्वच्छ र उचित मान्न नसकी यसलाई गम्भीर रूपमा लिनुपर्ने हुन्छ । अदालतकै कर्मचारीबाट यस्तो गम्भीर कार्य हुन्छ भने अदालतप्रतिको जनआस्थामा यस्ता कार्यले नकारात्मक असर पुऱ्याउने हुँदा त्यस्तो कार्य गर्ने कर्मचारीलाई मानवीय गल्ती भन्ने आधारमा मात्रै कुनै सजायबाट छुट दिनु उचित नहुने ।

**२७. सूर्य गिरी विरूद्ध नापी विभाग, मीनभवन काठमाडौं सम्वत् २०६७ सालको पु.वे.नं ३२)** निर्णय मिति २०६७/९/८/५

न्यायिक अधिकार प्रयोग गर्ने अधिकार पाएको अधिकारीले पालना गर्नुपर्ने कानून र न्यायका आधारभूत सिद्धान्तहरू अदालतबाट जानकारी गराउँदा गराउँदै पनि त्यसप्रति वास्ता नगरी त्रुटि गरिरहने अधिकारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा त्यसलाई समेत आधार बनाई मल्याङ्कन गर्ने सम्बन्धमा स्पष्ट कानूनको व्यवस्था गर्न नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयको ध्यानाकर्षण गर्ने ।

**२८. विष्णुकान्त मिश्र विरूद्ध वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबार समेत (सम्वत् २०६७ सालको पु.वे.न१९)** निर्णय मिति २०६७/९/१९/२

दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (*साइटिस*) को अनुसूची-२ मा सूचीकृत गरिएको रक्तचन्दन प्रजातिको वनस्पति वन ऐन, २०४९ को सामान्य प्रक्रियाबाट लिलाम विक्री गर्न नमिल्ने हुँदा वन विभागका महानिर्देशकले लिलाम विक्री गर्नु भनी गरेको परिपत्र मान्य नहुने ।

*साइटिस*लाई लागू गर्न सो महासन्धि अनुरूपको ऐन कानून तर्जुमा गर्न र सो ऐन कानून नबनेसम्मका लागि अवैध रूपमा जफत भएका रक्तचन्दनहरूलाई व्यवस्थित रूपमा मानवोचित हितमा व्यवस्थित किसिमले महासन्धिको प्रतिकूल नहुने गरी आवश्यक शर्त तोकी शैक्षिक, वैज्ञानिक एवम् धार्मिक प्रयोजनको निम्ति प्रयोग गर्ने गरी उचित व्यवस्था गर्न वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको ध्यानाकर्षणकालागि र नेपाल सरकारको जानकारीको लागि यो फैसलाको प्रतिलिपि नेपाल सरकारका मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

**२९. रामकृष्ण श्रेष्ठ विरूद्ध भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहल समेत (सम्वत् २०६७ सालको पु.वे.नं.२०)** निर्णय मिति २०६७/१०/१३/५

आफु जिम्मामा रहेको सरकारी स्रेस्ता अभिलेखलाई संरक्षित र सुरक्षित गरी राख्नु त्यस्तो कर्मचारीको कर्तव्य र दायित्व भित्रको विषय हो । रोक्का रहेको जग्गा रोक्का फुकुवा जनाईदिने, कार्यालयको रजिष्टरलाई नष्ट गरिदिने, नक्कली श्रेस्तापूर्जा खडा गरिदिने, श्रेस्ता कैफियत पढ्न नसक्ने गरी मसी खन्याइदिने र गैरकानूनीरूपले हकहस्तान्तरण गरिदिने कार्यमा संलग्न हुने कार्य गर्नु कर्मचारीको आचरण अनुकूलको कार्य मानिन्न । जग्गा दर्ता श्रेस्ता जस्तो महत्वपूर्ण अभिलेखको संरक्षण गर्नुपर्ने कर्तव्य भएको कर्मचारीबाटै अभिलेख गैरकानूनीरूपबाट सच्याउने, दूषितरूपमा श्रेस्तापूर्जा तयार पार्ने कार्यमा संलग्न हुने, अभिलेखमा उल्लेखित व्यहोरा नष्ट पार्ने कार्यलाई गम्भीर प्रकृतिको गैरकानूनीकार्य मान्नु पर्नेहुन्छ । नागरिकको अचलसम्पत्ति जग्गा जमिनको श्रेस्ता सुरक्षित राख्ने राज्यको निकायमा कार्यरत कर्मचारीबाटै श्रेस्ता नष्ट गर्ने र सच्याउने कार्य कानूनद्वारा क्षम्य हुने प्रकृतिको कार्य मान्न नसकिने हुँदा त्यस्तो कसूरगर्ने कर्मचारी सजायको भागीदार हुने ।

**३०. शेखरकुमार यादव विरूद्ध वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार समेत (सम्वत् २०६७ सालको पु.वे.नं १७)** निर्णय मिति २०६७/१०/१७/२

जीवनको अधिकारसँग वनजंगलको अन्तरसम्बन्ध रहेकाले बाँच्न पाउने अधिकार अन्तर्गत वनजंगलको संरक्षण, सम्बर्द्धन, बचाउ र रक्षा गर्नुपर्ने कामको जिम्मेवारी भएको पदाधिकारीको संलग्नता वा उदासिनतामध्ये कुनैपनि किसिमबाट वनजंगलको क्षति र नोक्सानी हुनपुग्छ भने त्यस्तो कर्मचारी कारवाहीको भागिदार हुने आधुनिक वन विधिशास्त्र र वन कानूनले निर्दिष्ट गरेको सिद्धान्त हो ।

आफू कार्यरत जिल्लाभित्र वनजंगलको व्यापक नोक्सानी भइरहेको भन्नेकुरा आफुलाई थाहा नभएको भन्ने जिकिरका आधारमा त्यस्तो कर्मचारीले कारवाहीबाट उन्मुक्ति पाउनसक्ने अवस्था नरहने ।

**३१. मदनकुमार झा विरूद्ध भूमिसुधार तथा व्यवस्थापन विभाग समेत (सम्वत् २०६७ सालको पु.वे.नं.२१)**
**निर्णय मिति २०६७/१०/२७/५**

लक्ष्मीनारायणजी भगवानको मन्दिरको नाममा दर्ता कायम रहेको गुठी जग्गालाई प्रचलित कानून, नीति, नियम एवम् निर्देशिकाले तोके बमोजिम चालु वर्षको मालपोत तिरेको रसिद, जग्गाधनी प्रमाणपूर्जा, जग्गाधनीको नागरिकता, जग्गाधनी र नाउँसारी गर्न आउनेको नाता प्रमाणित कागज र अन्य आवश्यक प्रमाण कागजातको मूल्याङ्कन र परीक्षण गरी नामसारी हुने हो होइन भनी निर्णय गर्नुपर्नेमा चालु आ.व. को मालपोत तिरेको रसिदका साथै अन्य आवश्यक कागजातहरू पेश नभएको अवस्थामा समेत उक्त मन्दिरको नाममा रहेको जग्गाहरू व्यक्ति विशेषको नाममा नामसारी भएकोमा कार्यालय प्रमुखले पनि नामसारीका निम्ति आवश्यक पर्ने प्रमाण कागजातहरू अद्यावधिक भए नभएको त्यसतर्फ हेरी अद्यावधिक नभएकोमा सोअनुरूप पेश गर्न लगाई पेश भएका कागज प्रमाणहरूको समुचित परीक्षण र मूल्याङ्कन गरी निर्णय गर्नुपर्नेमा त्यसतर्फ नहेरी फाँटवालाले पेश गरेको टिप्पणीको आधारमा नामसारी जस्तो हक हस्तान्तरणको विषयको निर्णय सदर गरी निर्णय गर्नुमा निजले जिम्मेवारपूर्ण किसिमले पदीय जिम्मेवारी निर्वाह गरेको भन्ने नदेखिने ।

**३२. महेन्द्र बहादुर थापा विरूद्ध राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (सम्वत् २०६७ सालको पु.वे.नं.१८)** **निर्णय मिति २०६७/११/१२/५**

कसूरको गाम्भिर्यताको मात्रा अनुसार सजायको मात्रा तोकिएको निजामती सेवा ऐन, २०४९ को दफा ६० र ६० क. मिलेको नदेखिदा सो ऐनको दफा ६० र ६० क.को व्यवस्थामा कसूरको गाम्भिर्यता अनुसार सजायको व्यवस्थाका लागि निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) र सो ऐनको दफा ६० र ६० क.मा पुनरावलोकन गर्नका लागि नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयको ध्यानाकर्षण गराउने ।

**३३. सानुकाजी देसार विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौं समेत (सम्वत् २०६७ सालको पु.वे.नं.११)** **निर्णय मिति २०६७/११/१६/२**

अख्तियारप्राप्त अधिकारीले सबूद प्रमाणको मूल्याङ्कन गरी एकपटक निर्णय गरिसकेपछि त्यसै अवस्थामा सोही हैसियतको अधिकारीले गरेको पूर्ववर्ती निर्णय वदर गर्नु कानून र न्यायको सर्वमान्य सिद्धान्त प्रतिकूल हुने ।

अधिकारप्राप्त अधिकारीले गरेको निर्णयमा कानूनीत्रुटि भएको अवस्थामा कानूनले तोकेको निकायबाट सम्बन्धित पक्षले उपचार पाउन सक्नेमा एउटै कार्यालयको समान हैसियत भएको अधिकारीले गरेको पूर्ववर्ती निर्णयलाई वदर गर्नु कानूनतः नमिल्ने ।

समान हैसियतका अधिकारीले सबूद प्रमाणको मूल्याङ्कन गरी गरेको निर्णयमा त्यही कार्यालयको समान हैसियतको अधिकारीबाट सामान्य परिस्थिति र अवस्थामा आफनै कार्यालयको समान हैसियतको अधिकारीले गरेको पूर्ववर्ती निर्णयहरू कानूनी व्यवस्थाको प्रतिकूल एवम् कानून र न्यायको मान्य सिद्धान्त विपरित हुने गरी जुनसुकै समयमा पनि वदर गर्ने स्थिति रहे भएमा कुनैपनि निर्णयको निश्चितता नहुने अवस्था सृजना भई समाजमा अस्थिरता र अन्यौलताको स्थिति रहने भएकोले त्यसतर्फ ध्यानाकर्षणका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिवको जानकारीका निम्ति प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पठाउने ।

**३४. दीपककुमार गुप्ता विरुद्ध भौतिक योजना तथा निर्माण मन्त्रालय (सम्वत् २०६६ सालको पु.वे.नं.२२)** निर्णय मिति २०६८/१/१९/२

लामो समयसम्म बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सम्बन्धित अधिकारीले कानूनतः विभागीय कारवाही गर्नसक्छ भन्ने हेक्का सम्बन्धित कर्मचारीले राखी त्यसप्रति सजग भई चासो राखी राख्नुपर्नेमा त्यसप्रति उदासीन भई गोरखापत्रमा समेत पटक-पटक प्रकाशित गरी स्पष्टीकरण पेश गर्ने मौका प्रदान गरेकोमा प्रतिवाद गर्ने मौका नै नपाएको भन्ने जिकिर मुनासिब नहुने ।

**३५. दण्डपाणी बराल विरुद्ध गृह मन्त्रालय सिंहदरबार, काठमाडौ समेत (सम्वत् २०६६ सालको पु.वे.नं.२३)** निर्णय मिति २०६८/१/२९/५

सार्वजनिक खरिद ऐनको प्रक्रिया अपनाई टेण्डर आव्हान गरी न्यूनतम बोल कबोल गर्नेलाई आव्हान गरिसकेपछि सो ऐन लागू हुने होइन भनी सो कानूनीप्रकृयालाई छल्ने किसिमले सोझै बजारबाट खरिद गर्ने कार्य कानूनको प्रत्यक्ष उल्लङ्घन हुने । यस्तोमा एशियाली विकास बैंकको मार्ग दर्शन बमोजिम भनी छुट हुन नसक्ने ।

**३६. कमल अधिकारी विरुद्ध जिल्ला हुलाक कार्यालय, संखुवासभा, खादंवारी समेत (सम्वत् २०६८ सालको पु.वे.नं २५)** निर्णय मिति २०६८/३/३०/५

जीउ मास्ने बेच्ने जस्तो कसूर गर्ने कार्यलाई नैतिक पतन हुने फौजदारी कसूर मान्नु पर्ने र नैतिक पतन हुने फौजदारी कसूरमा अदालतबाट सजाय भएको कर्मचारी सेवाबाट बर्खास्त हुने ।

**३७. माधव प्रसाद आचार्य विरुद्ध सामान्य प्रशासन मन्त्रालय समेत (सम्वत् २०६८ सालको पु.वे.नं २८)** निर्णय मिति २०६८/३/३१/६

पत्रिकामा प्रकाशित सामग्री आफ्नो नभएको र कुनैपनि सामग्री पत्रिकामा प्रकाशित गर्न आफूले सम्प्रेषित समेत नगरेको भन्ने पुनरावेदकको भनाई रहेको र सो सामग्री पुनरावेदकले नै प्रकाशन गर्न पठाएको हो भन्ने कुरालाई आरोपकर्ताले पुष्टि गर्ने आधारहरू निर्णयमा उल्लेख गर्न नसकेको अवस्था तथा पुनरावेदकले कानूनद्वारा तोकिएको आचरण सधैं पालना गर्दै आएको र आचार संहिता उल्लङ्घन गर्ने आफनो कुनै उद्देश्य समेत नभएको भन्ने व्यहोराको कागज गरेको अवस्थामा सजाय गर्न पर्याप्त आधार नहुने ।

सञ्चार माध्यममा सम्प्रेषित समाचार वा सूचनाको स्रोत प्रकट गर्न नहुने पत्रकारको विशेषाधिकार भएपनि सबै अवस्थामा त्यस्तो विशेषाधिकार निरपेक्ष विशेषाधिकार (*Absolute Privilege*) नभई राष्ट्र र जनताको बृहत्तर हित एवम् सार्वजनिक कल्याण र न्यायका निम्ति आवश्यक परेको अवस्थामा राज्यका सक्षम अधिकारी समक्ष त्यस्तो स्रोत खोल्नु पर्ने न्यायिक मान्यता रहेको देखिने ।

**३८. ध्रुवकुमार कार्की विरुद्ध स्थानीय विकास मन्त्रालय, (सम्वत् २०६८ सालको पु.वे. नं ४०)** निर्णय मिति २०६८/५/८/५

जुन आरोपमा अभियोग लगाई विभागीय सजायको निर्णय गरिएको हो सो अभियोगबाट नै सफाई पाउने गरी सर्वोच्च अदालतबाट समेत फैसला भईसकेको अवस्थामा विभागीय सजायको निर्णय गरी सेवाबाट वर्खास्त गर्ने निर्णय कायम राख्नु न्यायसङ्गत नहुने ।

**३९. योगेन्द्र गिरी विरूद्ध स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत .सम्वत् २०६७ सालको पु.वे.नं २३)** निर्णय मिति २०६८/५/१९/२

यी पुनरावेदलाई विभागीय कारवाहीका लागि पेश भएको टिप्पणीमा सम्बन्धित मन्त्रालयका कानून अधिकृतले समेत "यी पुनरावेदकलाई विभागीय सजायको आदेश दिने अधिकारी विभागीय मन्त्री मात्र हुनसक्ने र सो सजाय दिने कार्यविधि समेत विभागीय मन्त्रीबाट हुनुपर्ने" भन्ने राय दिएको सम्बन्धित फायल टिप्पणीबाट देखिएको यस अवस्थामा त्यसतर्फ ध्यानै नदिई कानून प्रतिकूल हुने गरी निर्णय गर्ने सम्बन्धित पदाधिकारीलाई आवश्यक कारवाही गर्न गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवको ध्यानाकर्षण गर्ने ।

**४० अमृतलाल चौधरी विरूद्ध विशेष प्रहरी विभाग (सम्वत् २०६८ सालको पु.वे.नं ३८)** निर्णय मिति २०६८/९/१४/५

जुन भ्रष्टाचारको आरोपमा विभागीय सजायको निर्णय गरिएको हो सो आरोप नै अदालतबाट ठहर भई अन्तिम भएर रहेको अवस्थामा अधिकारप्राप्त अधिकारीले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) को खण्ड (ख) बमोजिम भ्रष्टाचारको कसूरमा गरेको विभागीय सजायको निर्णय कानूनसम्मत नै देखिंदा सदर हुने ।

**४१. टिकाराम सापकोटा विरूद्ध जिल्ला वन कार्यालय, नवलपरासी (सम्वत् २०६८ सालको पु.वे.नं ३९)** निर्णय मिति २०६८/९/१८/२

विभागीय कारवाही समयमै नटुङ्ग्याउदा राज्यलाई पर्नसक्ने आर्थिक व्ययभार र सेवाग्राहीलाई पर्ने असुविधा समेतलाई मध्यनजर गरी बिदा स्वीकृत नगराई नब्बे दिन नाघेकोमा सो नब्बे दिन नाघ्नासाथ त्यस्तो कर्मचारीलाई विभागीय सजायको कारवाही प्रारम्भ गरी बढीमा छ महीना भित्र विभागीय कारवाही टुङ्ग्याई सक्नु पर्ने सम्बन्धमा विद्यमान कानूनमा स्पष्ट व्यवस्था गर्न नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयको ध्यानाकर्षण गर्ने र तत्काल ऐन नियममा संशोधन गर्न केही समय लाग्ने भएमा बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित भएको नब्बे दिन नाघ्नासाथ त्यस्तो कर्मचारीउपर विभागीय कारवाही प्रारम्भ गरी छ महीना भित्र टुङ्ग्याउन सम्बन्धित सबै निकाय र पदाधिकारीको जानकारीको लागि आवश्यक परिपत्र लगायत जो चाहीने व्यवस्था गर्न नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयका सचिवको ध्यानाकर्षणको आदेश जारी हुने ।

**४२. राजीवप्रसाद गुप्ता रौनियार विरूद्ध विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार (सम्वत् २०६७ सालको पु.वे.नं. २७)** निर्णय मिति २०६८/१२/२३/५

बिदाको माग गर्दै निवेदनको भ्रुटारो दिंदैमा बिदा स्वतः स्वीकृत भई हाल्ने नहुँदा त्यसतर्फ सजग हुनु सम्बन्धित कर्मचारीको कर्तव्य पनि हो ।

एकवर्षको अध्ययन बिदा स्वीकृत गराई विदेश गएको र पुनः अर्को एक वर्ष अध्ययन बिदा थप स्वीकृत गराई सो बिदा समेत व्यतित भएपछि पनि पुनः बिदा माग गर्दा त्यसको औचित्य सिद्ध गर्ने किसिमले आफनो बिदाप्रति सजग हुनु पर्नेमा सम्बन्धित मन्त्रालयले निजको स्थायी घर ठेगानामा र निज अध्ययनरत निकायमा निजको नाममा पठाएको बिदा अस्वीकृतिको सूचना आफूलाई थाहा नभएको भन्ने जिकिर लिँदैमा निजले आफनो दायित्व निर्वाह गरेको भन्न नसकिने ।

नेपाल सरकारबाट निजामती कर्मचारीलाई दिइने अध्ययन बिदाका सम्बन्धमा बिदा स्वीकृत गर्ने वा नगर्ने वा के कस्तो स्थिति र अवस्थामा अध्ययन बिदा थप गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सरकारी निकायहरूमा एकरूपता कायम गर्न निश्चित मापदण्ड बनाई लागू गर्न गराउन र निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड(छ) र सोही ऐनको दफा ६१क को उपदफा (३) को व्यवस्थालाई निष्प्रभावी बनाउने किसिमबाट निजामती सेवा नियमावली,२०५० को नियम ६४ को उपनियम (१क) को म्यादभित्र बिदा माग सम्बन्धी निवेदनमा अधिकारप्राप्त अधिकारीले कुनै निर्णय गरी निकासा नदिएको आधार कारणबाट विदेशमा अध्ययन गर्न भनी गएका वा अन्य कुनै कारणले गएका त्यस्ता कर्मचारीले सम्बन्धित पदाधिकारीको उदासिनताका कारण नियम ६४ को उपनियम (१ख) को व्यवस्थाबाट गलत फाइदा लिई सो नियमको दुरूपयोग भइरहेको देखिएकाले त्यसलाई रोक्न निजामती सेवा नियमावली, २०५० को नियम ६४ (१) बमोजिम बिदा स्वीकृतीका लागि माग गरेको निवेदनमा नियम ६४ (१) बमोजिम सो निवेदनमा कारवाही गर्न तोकिएको आवश्यक शर्तहरू पूरा भएको छ, छैन? पूरा भएको रहेनछ भने तत्सम्बन्धमा अविलम्ब सम्बन्धित कर्मचारीबाट पूरा गर्न लगाई कानूनद्वारा तोकिएको म्यादभित्रै कानूनको उद्देश्य प्रतिकूल नहुने गरी निकासा दिन आवश्यक व्यवस्था गर्न गराउन तथा त्यसो नगरी बिदा स्वीकृतिका लागि माग गरेको निवेदनमा समयमा नै कुनै निकास दिने कार्य नगर्ने सम्बन्धित अधिकारीलाई आवश्यक कारवाही गर्न नेपाल सरकारका मुख्य सचिवको ध्यानाकर्षण गराउने ।

**४३. महेन्द्र कुमार बोहोरा विरूद्ध शिक्षा मन्त्रालय, केशरमहल (सम्वत् २०६८ सालको पु.वे.नं. २३)** निर्णय मिति २०६९/१/१४/५

परिपत्र कानून जस्तो राजपत्रमा प्रकाशित नहुने कारण परिपत्र जारी भएको लामो अन्तरालसम्म पनि कानून सरह सबैले जानकारी राखेकै हुनु पर्छ भन्नु व्यावहारिक नहुने ।

मन्त्रालय वा विभागबाट आफनो मातहतका कार्यालय वा पदाधिकारीलाई समय-समयमा जारी गरिने निर्देशन वा परिपत्र विधायिकी शक्ति वा प्रशासकीय के कुन स्रोतबाट जारी गरिएको हो, त्यसमा स्पष्ट भई परिपत्रहरू प्रकाशनको प्रबन्ध गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था गर्न र कसैको हक अधिकारमा असर गर्ने आधारभूत कुराहरू परिपत्रबाट निर्देशित गरी प्रशासन सञ्चालन गर्नु कानूनी राज्यको मान्यता अनुकूल पनि नहुने हुँदा विषयबस्तुको गाम्भिर्यतालाई हेरी महत्वपूर्ण विषयहरू नियम कानूनमा नै समावेश गरी लागू गर्ने गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न शिक्षा मन्त्रालयका सचिवको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

**४४. सुरेन्द्रकुमार थापा विरूद्ध वन तथा भू-संरक्षण मन्त्रालय मन्त्रालय, बबरमहल (सम्वत् २०६८ सालको पु.वे.नं. ३३)** निर्णय मिति २०६९/२/११/५

रक्तचन्दन जस्तो महत्वपूर्ण प्रजातीको काठको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने र त्यसको अबैध कारोवार गर्नेलाई कानून बमोजिम कारवाही गर्नुपर्ने दायित्व भएका ब्यक्तिले नै रक्तचन्दन जस्तो दुर्लभ प्रजातीको काठ फेरबदल गरी कानून प्रतिकूलको कार्य गर्नु क्षम्य हुने प्रकृतिको कसूर गरेको मान्न नसकिने ।

साइटिसलाई लागू गर्न सो महासन्धि अनुरूपको ऐन कानून तर्जुमा गर्न र सो ऐन कानून नबनेसम्मका लागि अबैध रूपमा जफत भएका रक्तचन्दनहरूलाई व्यवस्थित रूपमा मानवोचित हितमा व्यवस्थित किसिमले महासन्धिको प्रतिकूल नहुने गरी आवश्यक शर्त तोकी शैक्षिक, वैज्ञानिक एवम् धार्मिक प्रयोजनको निम्ति प्रयोग गर्ने गरी उचित व्यवस्था गर्ने सम्बन्धमा *विष्णुकान्त मिश्रको*

मुद्दामा आदेश भइसकेको हुँदा सो आदेश बमोजिम गर्न गराउन वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको ध्यानाकर्षण गराउने ।

**४५. भेषबहादुर कार्की विरूद्ध भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार (सम्वत् २०६८ सालको पु.वे.नं. ४५)** निर्णय मिति २०६९/३/२१/५

अदालतको निर्णय प्रतिकूल हुने गरी नेपाल सरकारको नाममा दर्ता भएको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी दिनु भनी निर्णय गर्ने अधिकार संविधान एवम् अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहे भएको नदेखिंदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको यस सम्बन्धी निर्णय अधिकारक्षेत्र बाहिर गई गरेको भन्ने देखिने ।

अनधिकृत निकायले गरेको कानून प्रतिकूलको निर्णयको आधारमा नेपाल सरकारको नाममा दर्ता भएको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्न नमिल्नेमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्र प्राप्त भएकै भरमा तत्सम्बन्धमा अदालतबाट भएका फैसलाको वेवास्ता गरी तालुक विभाग र मन्त्रालयसँग निकास नै नलिई निर्णय गर्ने गराउने कार्यमा यी पुनरावेदकको समेत संलग्नता भएको देखिंदा निजले जिम्मेवारीपूर्वक पदीय दायित्व वहन गरेको भन्न सकिने अवस्था नदेखिएने ।

नेपाल सरकारको नाममा दर्ता भएको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने निर्णय गर्नेलाई कुनै कारवाही नगरी अधीनस्थ कर्मचारीलाई निजको लिखित आदेश बमोजिम निर्णयार्थ टिप्पणीसम्म पेश गरेको कार्यका निम्ति सजाय गर्नु अन्यायपूर्ण भएको भन्ने पुनरावेदकको जिकिर देखिंदा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख मालपोत अधिकृत प्रेमबहादुर खापुङ्गले गैरकानूनी जग्गा दर्ता गरेको विषयमा निजामती सेवा ऐन, २०४९ को दफा ६० क को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (क) (३) बमोजिम ५ तलव वृद्धि रोक्का गर्ने गरी विभागीय सजायको प्रक्रिया बढी रहेकोमा सो प्रक्रिया समाप्त नहुँदै निज गृहमन्त्रालयमा सरूवा बढुवा भई गएको कारण प्रक्रिया टुङ्ग्याउनमा केही समय लाग्न गएको हो, निज उपर विभागीय कारवाहीको प्रक्रिया अगाडि बढाइरहेको व्यहोरा यस अदालतमा गृह मन्त्रालयकको मिति २०६८।३।१६ को पत्रबाट समेत जानकारी प्राप्त हुँदा त्यस सम्बन्धी कारवाही चाडो टुङ्गयाई सोको जानकारी यस अदालतलाई समेत दिनु हुन भनी गृहमन्त्रालयमा लेखी पठाउने ।

अनधिकृत आदेशबाट नेपाल सरकारको नाममा दर्ता भएको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने आदेश अख्तियारको दुरूपयोग भएको भन्ने देखिंदा सोको ध्यानाकर्षणका लागि प्रस्तुत फैसलाको प्रतिलिपि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउने ।

**४६. बाबुराम भण्डारी विरूद्ध वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार (सम्वत् २०६८ सालको पु.वे. नं. ३१)** निर्णय मिति २०६९/३/२९/६

कानूनले गरेको बाध्यात्मक व्यवस्थालाई पालना गर्नु सम्बन्धित सबै पदाधिकारीको कर्तव्य हुन्छ । कानून प्रतिकूल हुने कार्यका सम्बन्धमा जुनसुकै निकाय वा पदाधिकारीबाट स्वीकृत लिए पनि मान्य नहुने ।

कानून बमोजिम गर्न नमिल्ने कुरा जुनसुकै तहबाट समर्थन, सहमति र स्वीकृति दिएकै आधारमा मात्र कानूनी दायित्वबाट छुट नहुने ।

वन मास्ने वा वन पैदावार चोरी गर्ने कार्यलाई स्वेतपोष अपराध (White Collor Crime) को रूपमा लिई त्यस्तो कार्यमा सरिक हुने वा नियन्त्रण नगर्ने वन अधिकारीलाई समेत व्यक्तिगत रूपमा समेत जिम्मेवार बनाउने गरी आधुनिक वन विधिशास्त्रको विकास भएको देखिन्छ । जीवनको अधिकारसँग वनजङ्गलको अन्तरसम्बन्ध रहेकाले बाँच्न पाउने अधिकार अन्तर्गत वनजङ्गलको संरक्षण, सम्बर्द्धन, बचाउ र रक्षा गर्नुपर्ने कामको जिम्मेवारी भएको पदाधिकारीको संलग्नता वा उदासिनतामध्ये कुनैपनि किसिमबाट वनजङ्गलको क्षति र नोक्सानी हुनपुग्छ भने त्यस्तो कर्मचारी कारवाहीको भागिदार हुने आधुनिक वन विधिशास्त्र र वन कानूनले निर्दिष्ट गरेको सिद्धान्त हो । यस सन्दर्भमा आफू कार्यरत जिल्लाभित्र वनजङ्गलको व्यापक नोक्सानी भइरहेको भन्ने कुरा आफूलाई थाहा नभएको वा नियन्त्रण गर्ने पूर्वाधार नभएको भन्ने जिकिरका आधारमा मात्र त्यस्तो कर्मचारीले कारवाहीबाट उन्मुक्ति पाउनसक्ने अवस्था नरहने ।

**४७. धनीचन्द ठकुरी विरूद्ध सचिव, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार (सम्वत् २०६८ सालको पु.वे.नं. ३३)** **निर्णय मिति २०६९/३/२९/६**

वन जङ्गलको संरक्षण, सम्बर्द्धन, रक्षा र बचाउ गर्ने कार्य गर्नु वनसँग सम्बन्धित कर्मचारीको प्राथमिक दायित्वको विषय हो ।

वनको संरक्षण र सम्बर्धन गर्नुपर्ने कर्तव्य र जिम्मेवारी भएका पदाधिकारीहरूले कानूनको उद्देश्य विपरित हुने गरी कटान सिफारिस र स्वीकृति दिने, अवैध रूपमा वन कटान हुँदा पनि त्यसउपर समयमा नै कारवाही गर्ने तर्फ कुनै सक्रियता नदेखाएको, वार्षिक कार्ययोजना र वार्षिक स्वीकार्य कटान भन्दा बढी परिमाणको कटानका निम्ति सिफारिस र स्वीकृति दिँदा स्थलगत निरीक्षण गरी अनुगमन र मूल्याङ्कनका आधारमा गर्नुपर्ने जस्ता कानूनद्वारा निर्धारण गरेका प्रक्रियाहरूको वस्तुगत र वैज्ञानिक रूपमा कार्यसम्पादन नगरेको जस्ता कतिपय कारणबाट वन कटानी र फडानी भई राष्ट्रिय सम्पदाको व्यापक क्षति हुन गएको ।

प्राणवायु अक्सिजन उपलब्ध गराउनेदेखि पानीको चक्रलाई नियमन गर्ने, वनस्पति, जीवाणु तथा जनावरको वासस्थान, धार्मिक, साँस्कृतिक, पर्यटकीय, प्राकृतिक सौन्दर्य समेतका निम्ति वनजङ्गल अपरिहार्य हुँदाहुँदै पनि वन जङ्गलको महत्वलाई आत्मसात् गर्दै संरक्षण र सम्बर्द्धनको नीति अख्तियार गरी कार्य सम्पादन गर्नुपर्ने जिम्मेवार व्यक्तिहरूबाटै ऐन कानूनको उद्देश्य विपरित हुने गरी कार्य गरेको, त्यसमा पनि कानून अस्पष्ट भएको अवस्थामा "राष्ट्रिय र सार्वजनिक हित" अनुकूल हुनेगरी कार्य गर्नुपर्नेमा राष्ट्रिय एवम् प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनको प्रतिकूल हुनेगरी गरिएको कार्यबाट वन विनास भएको भन्ने देखिएको ।

आफू कार्यरत रहेको वन क्षेत्रमा अवैध रूपमा व्यापक किसिमले वन कटानी र फडानी भइरहेको अवस्थामा समेत त्यसलाई समयमै रोकथाम र नियन्त्रण गर्न तथा दोषीहरूउपर कारवाही गर्न प्रभावकारी र सक्रीय कदम चालेको भन्ने समेत नदेखिएको हुँदा कारबाहीबाट उन्मुक्ति पाउन नसक्ने ।

**४८. मोहन कोइराला विरूद्ध वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार (सम्वत् २०६८ सालको पु.वे.नं. ३२)** **निर्णय मिति २०६९/३/२९/६**

वनको संरक्षण र सम्बर्धन गर्नुपर्ने कर्तव्य र जिम्मेवारी भएका पदाधिकारीहरूले कानूनले निषेध गरेको छैन भन्ने अर्थ गरी समुदायहरूलाई विगत वर्षहरूको कटान स्वीकृत परिमाणको उपभोग नगरिएको भनी सो परिमाण समेत जोडी एकैपटक कटान स्वीकृत दिने, सामुदायिक वन

सम्बन्धी कानूनको उद्देश्य प्रतिकूल दोहोरो उपभोक्ता भएपनि त्यसको वास्ता नगरी राष्ट्रिय वन हस्तान्तरण गर्ने, सामुदायिक वन हस्तान्तरण गर्दा समूहको आवश्यकता पूर्तिको सिद्धान्तको आधारमा भन्दा सानो-सानो समूहलाई व्यापारिक प्रयोजनले ठूलो वन क्षेत्र हस्तान्तरण गर्ने गरेको जस्ता विभिन्न कार्यहरू गर्ने गरेबाट कानूनको उद्देश्य प्रतिकूलको व्यवहार र कार्यबाट व्यापकरूपमा वन विनास भएको भन्ने देखिएको ।

आफू कार्यरत रहेको समयमा राष्ट्रिय वन र सामुदायिक वनको अवैध कटानी र फडानी भएको भन्ने देखिरहेको सन्दर्भमा यी पुनरावेदकले पदीय दायित्व अनुरूपको कार्य जिम्मेवारी सन्तोषजनक ढङ्गबाट पूरा गरेको भन्ने नदेखिने ।

यी पुनरावेदकको उमेर र सेवा अवधि समेतका आधारमा माथिल्लो पदमा बढुवा हुने सम्भावना नै नभएको भन्ने अवस्थामा अन्य किसिमको विभागीय सजाय नगरी के कति कारणले दुई वर्ष बढुवा रोक्काको सजाय गरिएको हो, त्यस सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको ध्यानाकर्षण गराउने ।

**४९. इन्द्रबहादुर कटुवाल विरूद्ध वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार (सम्वत् २०६९ सालको पु.वे.नं. ७)** निर्णय मिति २०६९/५/८/६

कसूर गर्नेले कसूरको मात्रानुसार सजाय पाएमा नै दण्डको उद्देश्य साकार हुन्छ । कानून स्वयमले कसूरलाई परिभाषित गर्ने र कसूरको मात्रानुसारको अनुपातमा सजाय निर्धारण गर्नुपर्ने ।

अधिकारप्राप्त अधिकारीले विभागीय सजायको निर्णय गर्दा जाँचबुझ आयोगको प्रतिवेदनमा सीमित भई निर्णय गर्नुपर्ने हुन्छ वा त्यसलाई आधार मानी आवश्यक कुरा बुझी निर्णय गर्ने अधिकार हुन्छ ? भन्ने सन्दर्भमा सरकारद्वारा गठन गरिएको जाँचबुझ आयोगको प्रतिवेदनमा नै सीमित भई नेपाल सरकार वा सम्बन्धित अधिकारप्राप्त अधिकारीले निर्णय गर्नुपर्छ भन्ने कानूनी व्यवस्था नरहेकोले अधिकारप्राप्त अधिकारीले जाँचबुझ आयोगको प्रतिवेदनलाई पृष्ठभूमिमा लिई अन्य आवश्यक कुरा जाँचबुझ गरी उचित निर्णय लिन सक्ने अधिकार कानूनतः रहेकै हुन्छ । जाँचबुझ आयोगको प्रतिवेदनमा सीमित भई अधिकारप्राप्त अधिकारीले कारवाही र सजायको मात्रा तोक्नुपर्छ भन्ने होइन ।

वन संरक्षण र सम्बर्द्धन गर्नुपर्ने जिम्मेवारी भएका कर्मचारीले नै वन विनासमा सहयोग पुऱ्याएको भन्ने उच्चस्तरीय जाँचबुझ आयोग, २०६७ को प्रतिवेदन देखिँदा तत्सम्बन्धमा अधिकारप्राप्त अधिकारीले नियमित अनुगमन र जाँचबुझ गरी आवश्यक कारवाहीका लागि नेपाल सरकारको जानकारीका निम्ति वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको ध्यानाकर्षण गराउने ।

**५०. पुनम रेग्मी विरूद्ध महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, सिंहदरवार (सम्वत् २०६९ सालको पु.वे.नं. ४६)** निर्णय मिति २०६९/८/१४/५

मानव अधिकार र महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि समेतको व्यवस्थाले अधिकारको प्रयोग र प्रचलन तथा परिणाममा समान स्थितिमा पुऱ्याउने उद्देश्यले विशेष व्यवस्थाहरू गर्न सकिने मान्यतालाई आत्मसात गरेको भएपनि कसूरजन्य कानूनी दायित्वका निम्ति महिला भएकै नाताले कारवाहीको भागिदार नहुने गरी महासन्धिले कुनै उन्मुक्ति र छुट दिएको भन्ने नदेखिने ।

निजामती सेवा ऐन, २०४९ ले निर्धारण गरेको निजामती सेवाका कर्मचारीले पालना गर्नुपर्ने अनुशासन सम्बन्धी व्यवस्था महिला पुरूष जो सुकै कर्मचारी भएपनि त्यस्तो कर्मचारीले पालना गर्नुपर्ने । निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को अधीनमा रही

अधिकारप्राप्त अधिकारीले गरेको सरूवा काज जस्ता कुराहरूको पालना गर्नु सम्बन्धित कर्मचारीको कानूनी कर्तव्य हो । यसरी सरूवा हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी लगायतका कागजात श्रेस्ता समेतको बरबुझारथ गर्नु सम्बन्धित कर्मचारीको कानूनी दायित्व हो ।

कानून बमोजिम पूरा गर्नुपर्ने बरबुझारथ लगायतको दायित्व वहन गर्नुपर्ने कुरामा महिला भएकै कारण छुट पाउने भन्ने नहुँदा सो दायित्व पूरा गर्नुपर्ने र बरबुझारथ गर्नुपर्ने दायित्व भएको कर्मचारीले त्यस्तो दायित्व पूरा नगरेको रहेछ भने त्यस्तो अवस्थामा अधिकारप्राप्त अधिकारीले प्रचलित कानून बमोजिम सजाय गर्न सक्ने । कुनैपनि कर्मचारीका लागि सेवाबाट बर्खास्त गर्ने जस्तो सजाय गर्दा अधिकारप्राप्त अधिकारीको कामकारवाही कपटपूर्ण किसिमबाट भएको भन्ने देखिनु नहुने ।

बरबुझारथ नगरेको भन्ने आरोपमा सम्बन्धित विभागीय प्रमुखले निजामती सेवा ऐन, २०४९ को दफा ६० को खण्ड (ख) बमोजिमको विभागीय सजाय गर्ने अधिकार भएकोमा त्यसतर्फ कारवाही नगरी सो ऐन को दफा ५५ क बमोजिम चेतावनी दिने निर्णय गरी सकेपछि पनि हाजिर हुन जाँदा हाजिर नगराई ९० दिन नाघेको भनी सो अवधि समेत गणना गरी गरेको कारवाही र सजाय स्वच्छ व्यवहारबाट भएको नदेखिँदा यी पुनरावेदिकालाई महिला तथा वालवालिका विभागका महानिर्देशकले मिति २०६९।२।५ मा मिति २०६८।१।२ देखि लागू हुने गरी निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को आरोप लगाई सो ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम सेवाबाट हटाउने गरी गरेको विभागीय सजायको निर्णय कानून तथा न्यायको मान्य सिद्धान्तसम्मत नहुँदा बदर हुने ।

**५१. मग्नु दत्त विरूद्ध भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार (सम्वत् २०६९ सालको पु.वे.नं. ११)**
**निर्णय मिति ०६९/११/१७/५**

के कुन कानून अनुसार अधिकारक्षेत्र ग्रहण गरी सो निर्णय भएको हो ? सो को आधार कारण समेत निर्णयमा खुलाउन नसकेको अवस्थामा अधिकारक्षेत्रभित्र रही निर्णय गरेको भन्ने स्पष्टतः नदेखिएमा त्यस्तो निर्णय अधिकारक्षेत्रात्मक त्रुटिको आधारमा बदर हुने ।

* प्रशासकीय अधिकारीले न्यायिक प्रकृतिको निर्णय गर्दा अनिवार्य रूपमा पालना गर्नु पर्ने आधारभूत सिद्धान्तहरूको परिपालना नगरी पटक-पटक त्यसको बर्खिलाप हुने गरी निर्णय भइरहेमा कानून र न्यायको सार्थकता नहुने अवस्था सिर्जना हुने कारण न्यायिक प्रकृतिको कार्य सम्पादन गर्दा **देहायका सिद्धान्तलाई आत्मसात गर्नुपर्नेः**

- अधिकारक्षेत्र नभएको विषयमा कुनै कारवाही र निर्णय नगर्ने,
- प्रतिवाद गर्ने मौका नदिई निर्णय नगर्ने,
- आफ्नो निहित स्वार्थ भएको विषयमा निर्णय नगर्ने,
- प्रवृत्त भावना, दुराशय, कपटपूर्ण र वद्नियत किसिमले निर्णय नगर्ने,
- निमित्त अधिकारीले न्यायिक प्रकृतिको निर्णय नगर्ने,
- न्यायिक अधिकार प्रत्यायोजन नगर्ने ,
- न्यायिक अधिकारको प्रयोग निर्देशन र परिपत्रका आधारमा नगर्ने,
- स्वविवेकीय अधिकारको दुरूपयोग नगर्ने,
- निर्णय गर्दा सवूद प्रमाणको मूल्याङ्कनद्वारा न्यायिक मनको प्रयोग गरी निर्णय गर्ने,

- अधीनस्थ कर्मचारीले पेश गरेको टिप्पणी सदर गर्ने परिपाटीको अन्त्य गरी निर्णय पर्चा खडा गरी निर्णय गर्ने,
- स्वच्छ सुनुवाइ र न्यायिक अनुशासनभित्र रही कार्य गर्ने,
- खुला इजलास वा पारदर्शीपूर्ण किसिमबाट कारवाही गर्ने,
- निर्णय गर्दा आधार र कारण खोली निर्णय गर्ने,
- कानूनद्वारा निर्धारित समयमा वा मुनासिव समयभित्र निर्णय गर्ने ।

* कानून बमोजिम न्यायिक अधिकार प्रयोग गर्ने अधिकार पाएका प्रशासकीय अधिकारीले पालना गर्नुपर्ने कानून र न्यायका आधारभूत मान्यताहरू सम्बन्धमा विभिन्न मुद्दाहरूमा निर्णय गरी सो कुरा अदालतबाट जानकारी गराउँदा गराउँदै पनि त्यसप्रति बेवास्ता गरी पटक-पटक त्रुटि गरिरहने सम्बन्धित अधिकारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा त्यसलाई समेत आधार बनाउने व्यवस्था गर्ने ।

* कुनै पनि निजामती कर्मचारीले निजामती सेवा ऐन बमोजिम जुन कार्यालय र अधिकारीबाट विभागीय कारवाही शुरू गरिएको हो सो कारवाहीको प्रक्रिया पूरा गरी अन्तिम निर्णय मात्र हुन बाँकी रहेको अवस्थामा समेत त्यस्तो कर्मचारीलाई अर्को कार्यालयमा सरूवा गर्दा निजको हकमा गर्नुपर्ने बाँकी विभागीय कारवाही पनि निज सँगसँगै हस्तान्तरण भई जाने कारणले जुन उद्देश्य र मर्म अनुरूप विभागीय कारवाहीको प्रक्रिया बढाईएको हो सो उद्देश्य र मर्म अनुरूप सरूवा भई गएको कार्यालयबाट कारवाही गर्न विभिन्न समस्याहरू उत्पन्न हुने गरेको भन्ने देखिँदा विभागीय कारवाही कै अवस्थामा रहेको कर्मचारीलाई निजको सरूवा गरे पनि त्यस्तो कर्मचारीको हकमा यथाशीघ्र विभागीय कारवाही टुंग्याइसकेपछि मात्र सरूवा भएको सम्बन्धित कार्यालयमा रमाना दिने वा विभागीय कारवाही पछि सम्बन्धित कर्मचारीका सम्बन्धमा अन्य व्यवस्था गर्नु उपयुक्त हुने देखिँदा सो बमोजिम गर्ने गराउने,

* विभागीय कारवाही समयमा नै नटुङ्याउँदा राज्यलाई पर्नसक्ने आर्थिक व्ययभार र सेवाग्राहीलाई पर्ने असुविधालाई समेत दृष्टिगत गरी निजामती सेवा ऐन अन्तरगत बिदा स्वीकृत नगराई नब्बे दिन वा स्वास्थ्य सेवा ऐन अन्तर्गत साठी दिन नाघेकोमा सो अवधि सकिनासाथ त्यस्तो कर्मचारीलाई विभागीय सजायको कार्य प्रारम्भ गरी बढीमा ६ महीनाभित्र त्यस्तो विभागीय कारवाही टुङ्याई सक्ने गरी आवश्यक व्यवस्था गर्ने ।

* प्रशासकीय अधिकारीले कानून बमोजिम न्यायिक प्रकृतिको निर्णय गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा सम्बन्धित मन्त्रालय वा निकायका पदाधिकारीले मन्त्रालय वा त्यस्ता निकायमा कार्यरत कानून अधिकृतको राय सल्लाह लिई कार्यसम्पादन गर्ने व्यवस्था गर्ने ।

* विभागीय सजाय गर्दा निजामती सेवा नियमावली, २०५० को नियम ११२ बमोजिम अनुसूची-१७ को ढाँचामा सजाय गर्ने अधिकारीले निर्णय गरेको हुनुपर्ने बाध्यात्मक व्यवस्था भएकोमा कतिपय मुद्दाहरूमा त्यस्तो निर्णय पर्चाहरू आफ्नो विरूद्ध हुनसक्ने भन्ने कारणबाट अदालतमा सम्बन्धित फाइल कागजात पठाउनु पूर्व नै अवाञ्छित किसिमले झिक्ने, दबाउने जस्ता गैरकानूनी एवम् गलत अभ्यासहरू बढ्न गएको देखिएकाले सम्बन्धित पदाधिकारीले गरेको विभागीय सजायको निर्णय पर्चा र सो निर्णय सम्बन्धमा

सम्बन्धित कर्मचारीलाई दिएको सूचनाको एक-एक प्रति सम्बन्धित निकायले लोकसेवा आयोगको केन्द्रीय कार्यालयमा पठाउने व्यवस्था गर्ने ।

**५२. सुबित खड्का विरुद्ध महालेखा नियन्त्रकको कार्यालय (सम्वत् २०६८ सालको पु.वे.नं. २९)** निर्णय मिति २०६९।१२।८।५

मिसिल संलग्न सक्कल कागज झिकिएको अवस्थामा सम्बन्धित पदाधिकारीबाट आवश्यक जाँचबुझ गरी दोषी उपर कारवाही गर्नुपर्नेमा त्यसो गरेको नदेखिंदा कारवाही गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउने ।

**५३. टीकाराम ढकाल विरुद्ध लोकसेवा अयोग (सम्वत् २०६९ सालको पु.वे.नं. १३ )** निर्णय मिति २०७०।२।१६।५

स्वविवेकीय अधिकारप्राप्त गरेको सार्वजनिक निकायको पदाधिकारीले त्यस्तो अधिकारको प्रयोग गर्दा कानून र न्यायको मान्य सिद्धान्त, सार्वजनिक नैतिकता, प्राकृतिक न्यायको सिद्धान्त र विवेकसँगत किसिमबाट प्रयोग गरेको हुनुपर्ने, कानूनी उद्देश्यको प्रतिकूल, अविवेकीय, कार्यविधिगत असँगतता, कसूरको मात्रा अनुसारको सजायको समानुपातिकता नभएको अवस्थामा त्यस्तो निर्णय मान्य नहुने ।

**५४. वेणीमाधव भट्टराई विरुद्ध शिक्षा मन्त्रालय समेत (सम्वत् २०६९ सालको पु.वे.नं. १४)** निर्णय मिति २०७०।२।२३।५

कुनैपनि नागरिकले आफु असुरक्षित भएको महशुश गर्छ भने त्यस अवस्थामा आफ्नो मुलुक र सरकारप्रति सुरक्षा माग गर्नुपर्नेमा त्यसो नगरी सुरक्षाको कारणले बाहिरी मुलुक गएको भन्ने आधारबाट नब्बे दिनभन्दा बढी बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सेवाबाट हटाउन सकिने ।

**५५. भिष्मा ज्ञवाली (पोखरेल) विरुद्ध स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सम्वत् २०६९सालको पु.वे.नं.१५ )** निर्णय मिति २०७०।३।१०।२

कानूनले विशेष संरक्षण र सुविधा दिएको अवस्थामा बाहेक महिला र पुरूष दुबैले कानूनको समान रूपमा प्रयोग र पालना गर्नुपर्ने, महिला भएकै कारणले कानूनी दायित्वबाट उन्मुक्ति नहुने ।

**५४. रामदेव चौधरी विरुद्ध राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग (सम्वत् २०६९सालको पु.वे.नं.१२ )** निर्णय मिति २०७०।३।२०।५

अवैध रूपमा कटान भएको काठका गोलिया कार्यालय परिसरमा रहेको अवस्थामा अनधिकृत तवरले कार्यालय बाहिर चिरानीका निम्ति लगेको कार्यलाई कानूनसम्मत मान्न नसकिने ।

**५७. प्रमोद लाल देव विरुद्ध भूमि सुधार तथा व्यवस्था मन्त्रालय (सम्वत् २०६९ सालको पु.वे.नं. ११)** निर्णय मिति २०७०।३।२०।५

नागरिकको सम्पतिसँग सम्बन्धित नक्सा स्रेस्ता जस्तो संवेदनशील कुरा तयार गर्दा गम्भीर हुनुपर्नेमा हेलचेक्र्याईपूर्वक गरेको कार्यले असर पुगेको अवस्थामा त्यस्तो ब्यक्ति जबाफदेही हुने ।

**५८. डा. मुनीलाल चौधरी विरुद्ध कृषि विकास मन्त्रालय समेत (सम्वत् २०७० सालको पु.वे.नं. १७ )** निर्णय मिति२०७०।३।२८।६

कार्यालयमा रहनु पर्ने कागजात आफै जिम्मा लिई लाने गरेको, आफैले भ्रमण आदेश तयार गरी जुनसुकै बेलापनि कार्यालय बाहिर निरीक्षण गर्ने गरेको, लामो समयसम्म हाजिर किताबमा खाली राखी कार्यालयमा अनुपस्थित हुने गरेको, हाजिर कपीमा रातो चिन्ह लगाएको स्थानमा बिदा जनाउने गरेको, आफनो कार्यालय अन्तर्गत कानूनप्रतिकूल भएका काम कारवाहीको रोकथाम र नियन्त्रण गर्न नसकेको स्थिति देखिनुले पदीय दायित्व जिम्मेवारीपूर्वक वहन गरेको भन्न नमिल्ने ।

**५९ . हेमराज पण्डित विरुद्ध जिल्ला वन कार्यालय प्यूठान (सम्वत् २०७० सालको पु.वे.नं. १६ )** निर्णय मिति२०७०।३।३१।२

कानून प्रतिकूल कामकारवाही गरेकोमा त्यसमा संलग्न मुख्य व्यक्तिलाई कुनै कारवाही नगरी अधिनस्थ कर्मचारीलाई मात्र सजाय गर्नु उचित नभएकाले दोषी उपर आवश्यक कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने ।

**६०. रामविनय कुमार सिंह विरुद्ध भूमिसुधार तथा व्यवस्था मन्त्रालय (सम्वत् २०७० सालको पु.वे.नं. १२)** निर्णय मिति २०७०।७।११।२

कुनै पनि किसिमको पूर्वाग्रह (*Bias*) राखी निर्णय भएको देखिन्छ भने त्यस्तो निर्णय मान्य नहुने प्रशासकीय न्यायको आधारभूत सिद्धान्त हो । निर्णय स्वच्छ हुन त्यस्तो कारवाही निष्पक्ष र बिना पूर्वाग्रह भएको हुनुपर्छ । निर्णयकर्ताले निर्णय गर्नुपर्ने विषयमा पूर्वाग्रह वा पक्षपात वा त्यस्तो विषयमा कुनै पनि प्रकारको स्वार्थ नभई स्वच्छ र निष्पक्ष रूपमा कारवाही भएको देखिनुपर्छ भन्ने न्यायको सिद्धान्त हो । पूर्वाग्रही किसिमले कारवाही भएको देखिएमा त्यस्तो निर्णय बदर हुने सिद्धान्त रहेको र यसको पालना न्यायिक कार्य गर्ने जुनसुकै न्यायिक वा प्रशासकीय अधिकारीले गर्नुपर्ने ।

यदि निर्णयकर्ताले कुनै पूर्वाग्रह राखी कारवाही गरेको देखिन्छ भने प्राकृतिक न्यायको सिद्धान्त विपरित भई त्यस्तो निर्णय बदर हुने कुरामा विवाद छैन । पूर्वाग्रही किसिमबाट निर्णय गरिएको भन्ने जिकिर जसले लिन्छ, सो कुरा उसैले स्थापित गर्नुपर्ने भार रहन्छ । आफ्नो जिकिर तथ्ययुक्त आधारबाट स्थापित गर्न नसकेको अवस्थामा पूर्वाग्रहको आरोपको जिकिर लिएकै भरमा बिना आधार पूर्वाग्रह राखी सजाय गरेको भन्न सकिने अवस्था नहुने ।

कुनै पनि निकाय वा अधिकारीले गरेको निर्णय कानून प्रतिकूल भएमा कानूनद्वारा तोकिएको माथिल्लो निकाय वा पदाधिकारीद्वारा पुनरावलोकन गरिने कानून र न्यायको मान्य सिद्धान्त हो । आफूले गरेको निर्णय आफैले वदर गर्नुहुन्न भन्ने कुरा निर्णय गर्ने अधिकारीले पालना गर्नुपर्ने कानून र न्यायको आधारभूत सिद्धान्त हो । यस सिद्धान्तको विपरित हुने गरी निर्णय गरियो भने कानूनी र न्यायिक अनुशासन विपरित हुने कुरा निर्णय गर्ने अधिकारीले थाहा पाउनुपर्ने विषय हो । सामान्य त्रुटि सच्याउन सकिने भए पनि पूर्जा वितरण भइ हक हस्तान्तरणद्वारा स्थिति परिवर्तन भइसकेको अवस्थामा पूर्ववर्ति निर्णयलाई असर गर्ने गरी आफैंले त्यस्तो निर्णय सच्याउने अधिकार नहुने ।

एकपटक कुनै निकाय वा अधिकारीले निर्णय गरिसकेको कुरा पुन: सोही निकाय वा अधिकारीले हेर्न वा पूर्ववर्ती निर्णयमा फरक पर्ने गरी त्यसमा कुनै संशोधन गर्नु हुँदैन भन्ने कानूनी व्यवस्था रहेको अवस्थामा नेपाल सरकारको नाममा बाटो भनी स्रेस्ता कायम भइसकेपछि नेपाल सरकारको स्वीकृती बिना नापी नक्सा सच्याउन नपाउनेमा नेपाल सरकारको नाममा जनिएको सार्वजनिक बाटो वदर गर्ने सम्बन्धमा नेपाल सरकारको स्वीकृती र निर्णय बिना नै आफ्नो पूर्ववर्ती

निर्णयलाई असर गर्ने गरी नापी नक्सा परिवर्तन गर्ने गरी गरेको कार्यलाई पदीय दायित्व जिम्मेवारीपूर्वक बहन गरेको मान्न नसकिने ।

**६१. उद्धवप्रसाद दाहाल विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत (सम्वत् २०७० सालको पु.वे.नं. ५)** निर्णय मिति २०७०।८।१७।२

आफ्नो स्वार्थ निहित भएको विषयमा निर्णय गर्न नहुने प्राकृतिक न्यायको मान्य सिद्धान्त रहेको र आफ्नो स्वार्थगत विषयमा निर्णय गर्न नहुने गरी कानूनले समेत रोक लगाएको देखिने । अपाङ्गता भएकै अवस्थामा आफू नै कार्यालय प्रमुख भएको बखत आफ्नै विषयमा निर्णय गरी आफूलाई फाइदा हुन सक्ने किसिमको कार्य गर्नुलाई स्वस्थ अभ्यास मान्न नसकिने ।

राज्यले अवलम्बन गरेको समावेशीकरणको सिद्धान्तको मर्म तथा निजामती सेवा ऐनले लिएको उद्देश्यलाई मूर्त रूप दिई निजामती सेवालाई पूर्ण समावेशी र अपाङ्गमैत्री बनाउनका लागि 'क' र 'ख' वर्गमा उल्लेखित विविध प्रकृतिका अपाङ्गता भएका व्यक्तिले गर्न सक्ने कुन-कुन प्रकृतिका कार्यहरू हुन् ? तिनीहरूका लागि के कस्तो पदको श्रृजना गर्नुपर्ने हो ? के कस्ता पूर्वाधारहरू तयार गरेमा निजहरूलाई तोकिएको जिम्मेवारी पूरा गर्न सहज हुने हो ? कस्तो प्रकृतिको अपाङ्गतालाई राज्यबाट के कुन सुविधा दिन न्यायोचित हुन्छ ? भन्ने सम्बन्धमा विशेषज्ञ समेत संलग्न गराई विस्तृत अध्ययन गरी स्पष्ट मापदण्ड तथा आधारहरू निर्धारण गर्नु पर्ने ।

अपाङ्गता भएको गलत सिफारिस गर्ने गराउने, सामान्य अशक्तता रहेकोमा पनि गम्भीर प्रकृतिको अपाङ्गता परिचयपत्र बनाई अपाङ्गताको संरक्षित कोटाबाट निजामती सेवा लगायतका राज्यका विभिन्न सरकारी सेवामा विभिन्न तह र पदका लागि लिइने विभिन्न परीक्षामा सामेल भई त्यसबाट अनुचित फाईदा लिने प्रवृत्तिले राज्यले लिएको समावेशीकरण नीतिको औचित्य माथि नै प्रश्न चिन्ह खडा हुन सक्ने हुँदा यस्तो विकृति र विसङ्गतिको रोकथाम र नियन्त्रणका निम्ति अपाङ्गता हो होइन ? हो भने पनि कस्तो प्रकृति र मात्राको हो ? कस्तो प्रकृति र मात्राको अपाङ्गतालाई राज्यबाट के कुन सुविधा दिनु न्यायोचित हुन्छ ? भन्ने जस्ता विषयमा वैज्ञानिक र वस्तुगत परीक्षणको विशेष संयन्त्र बनाई निश्चित मापदण्ड, मेडिकल परीक्षण लगायत वैज्ञानिक उपयुक्त आधारमा अपाङ्गताको वर्गीकरण गर्ने व्यवस्था गर्ने र वर्गीकरण बमोजिम सुविधाको प्रकृति र मात्रा निर्धारण गर्ने, निर्धारित मापदण्ड र प्रक्रिया विरूद्ध सिफारिस गर्नेलाई दण्डित गर्ने र गलत किसिमले अपाङ्गताको नाममा सुविधा लिएकाहरूको छानविन गरी कारवाही गर्न एवम् समावेशीकरणको दुरूपयोग हुन नदिने किसिमको मापदण्ड बनाई लागू गर्नु पर्ने ।

लोकसेवा आयोगबाट सिफारिस हुने निजामती सेवा लगायतका विभिन्न पदहरूमा विशेष संरक्षणको व्यवस्था गरेको र कस्तो सेवाको निम्ति कस्तो अपाङ्गता भएको व्यक्तिले आवेदन गर्न सक्ने भन्ने सम्बन्धमा स्पष्ट मापदण्ड सहितको कानूनी व्यवस्था गर्न र राज्य व्यवस्थाबाट फाइदा लिनका निम्ति हुँदै नभएको वा भएपनि गम्भीर प्रकृतिको नभएको अवस्थामा समेत सम्बन्धित निकायबाट अपाङ्गताको सिफारिस गरी गराई दुरूपयोग गर्ने प्रवृतिलाई रोक्न अपाङ्गताको सम्बन्धमा वैज्ञानिक र वस्तुपरक परीक्षणको आधार निर्धारण गरी अपाङ्गताको प्रकृति र गम्भीरता तोक्ने संयन्त्र र त्यसका आधारमा सुविधा प्रदान गर्ने सम्बन्धमा स्पष्ट मापदण्ड निर्धारण गरी लागू गर्न गराउन र गलत सिफारिस गरी सुविधा लिएकाको छानविन गरी कारवाही गर्न नेपाल सरकारको ध्यानाकर्षणको लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

लोक सेवा आयोग लगायत सार्वजनिक सेवा प्रदान गर्ने र अपाङ्गता भएका व्यक्तिलाई सेवा सुविधा उपलब्ध गराउने दायित्व र जिम्मेवारी पाएका निकायहरूले यस्ता सेवा सुविधा दिंदा अपनाउनुपर्ने कार्यविधि र हेर्नुपर्ने प्रमाण कागजातको सम्बन्धमा समेत स्पष्ट विधि, प्रक्रिया, तरिका र मापदण्ड तोकी कार्य गर्ने गराउने, समावेशीकरणको मान्यतालाई साकार पार्न सम्बन्धित क्षेत्रका विज्ञहरू समेत रहेको विशेष समिति वा अन्य कुनै तरिकाबाट अध्ययन विश्लेषण गरी स्पष्ट मापदण्ड निर्धारण गरी लागू गर्न गराउन तथा गलत सिफारिसका आधारमा सुविधा लिएको सम्बन्धमा छानविन गरी कारवाही समेतका निम्ति आवश्यक व्यवस्था गर्न गराउन नेपाल सरकारको जानकारीका लागि फैसलाको प्रमाणित प्रतिलिपि नेपाल सरकारका मुख्य सचिव एवं लोकसेवा आयोगमा समेत दिनू ।

**६२. महेशराज शर्मा विरूद्ध जिल्ला विकास समितिको कार्यालय (सम्वत् २०७० सालको पु.वे.नं. ८)** निर्णय मिति २०७०।९।१।२

काबु बाहिरको कुनै परिस्थिति श्रृजना भएको कारण कार्यालयमा हाजिर हुन नसक्ने अवस्था भएमा त्यस्तो घटनासहितको कारण सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्ने कर्तव्य र दायित्व पूरा गरेको नदेखिंदा काबु बाहिरको परिस्थितिका कारण कार्यालयमा उपस्थित हुन नसकेको भन्ने जिकिर लिंदैमा छुट नहुने ।

**६३. राजकपुर चौलागाइ विरूद्ध सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय (सम्वत् २०७० सालको पु.वे.नं. ७)** निर्णय मिति २०७०।९।२२।२

मन्त्रालयको सचिवस्तरीय निर्णयबाट हाजिर हुन आउनु भनी पटक-पटक पत्र पठाउँदा समेत यी पुनरावेदकले पत्र नबुझी मन्त्रालयबाट जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाई त्यस कार्यालयमार्फत पत्र बुझाउन लगाएको देखिंदा निजले समयमा नै पत्र बुझ्न ईन्कार गरेको भन्ने रहेकाले यी पुनरावेदकले त्यति हदसम्म निजले आफ्नो जिम्मेवारी अनुशासित ढङ्गले पूरा गरेको मान्न सकिने स्थिति नदेखिंदा यस कार्यको निम्ति पहिलो पटकलाई नसिहतसम्मको सजाय गर्नु मुनासिब नै हुने भएकोले २ (दुई) तवल वृद्धि रोक्का गर्ने विभागीय सजाय केही चर्को देखिंदा वदर गरी निजलाई नसिहतको सजाय हुने ।

जसका विषयमा छानविन गर्न छानविन समिति गठन गरिएको हो, निज छानविन गर्नुपर्ने अधिकारी भन्दा पदीय हैसियतमा तल्लो तहको अधिकारी रहेको र कुनै पनि निजामती कर्मचारीको कार्य सम्पादनका सम्बन्धमा छानविन वा जाँचबुझ गर्नु गराउनु पर्दा सम्बन्धित कर्मचारीभन्दा तल्लो तहको कर्मचारीबाट गराउने व्यवस्था उचित र मर्यादित नभएकाले जुन तहको कर्मचारीका सम्बन्धमा जाँचबुझ र छानविन गर्नु गराउनु पर्ने हो, निजभन्दा माथिल्लो तहको अधिकृतबाट वा समान तहकोमा निजभन्दा वरिष्ठ अधिकृतबाट गराउनु उपयुक्त हुने भएकोले अब उप्रान्त सो बमोजिम गर्न गराउन नेपाल सरकारको ध्यानाकर्षणको लागि प्रस्तुत फैसलाको प्रतिलिपि भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव समक्ष पठाउनू । फैसलाको जानकारी नेपाल सरकारका मुख्य सचिव एवं लोक सेवा आयोग समेतलाई दिनू ।

**६४. देवराज ढकाल विरूद्ध शान्ति तथा पुनर्निर्माण मन्त्रालय समेत (सम्वत् २०७० सालको पु.वे.नं. १)** निर्णय मिति २०७०।९।२५।५

आरोप नै स्पष्ट नभएको, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले लगाएको आरोप र विभागीय सजाय गर्ने अधिकारीले लगाएको आरोप नै उल्टो भई विरोधाभाषपूर्ण अवस्थाको हुँदा सजाय गर्नु कानूनसम्मत भएको भन्न नमिल्ने ।

**६५ लेखनाथ भट्टराई विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल समेत (सम्वत् २०७० सालको पु.वे.नं. ९)** निर्णय मिति २०७०।९।२९।२

राज्यका कतिपय निकायहरूले आफूले निर्णय गर्नुपर्ने कतिपय विषयहरूमा निर्णय गर्नुपूर्व सम्बन्धित स्थानीय निकायको सिफारिस समेत लिई सो आधारमा निर्णय गर्ने गरेको, सो सम्बन्धमा कतिपय कानूनले नै स्थानीय निकायको सिफारिसलाई अनिवार्य शर्तको रूपमा लिएको र कतिपय अवस्थामा कानूनले सिफारिस वाध्य गरेको नभए पनि व्यवहार प्रचलनमा स्थानीय निकायको सिफारिस लिने व्यवस्था रहे भएकोमा कतिपय ऐन कानूनले स्थानीय निकायले सिफारिस गर्नुभन्दा पहिले स्थानीय निकायले अपनाउनुपर्ने कार्यविधि समेत निर्धारण गरेको र कतिपय ऐन कानूनमा त्यस सम्बन्धमा कुनै विधि र प्रक्रिया उल्लेख नभएको तथा स्थानीय निकायले सिफारिस गर्नु पूर्व पालना गर्नुपर्ने कार्यविधि, त्यस्तो सिफारिसको कानूनी हैसियत र त्यसको प्रमाणिक मूल्य एवम् सिफारिसकर्ताको जिम्मेवारी जस्ता विषयमा स्पष्टता नदेखिएकाले काम कारवाहीमा विविधता रहन गई उत्पन्न विकृति र विसंगतिहरूलाई हटाउन स्थानीय निकायका पदाधिकारी समेतले गर्नुपर्ने विभिन्न विषयका सिफारिस सम्बन्धमा के कस्तो विषयमा सिफारिस गर्ने, त्यस्तो सिफारिस के कस्तो रीत पुर्‍याई गर्ने, त्यसको प्रमाणिक महत्व के कस्तो हुने र सिफारिस गर्दा के कुन आधारमा के कति दस्तुर लिने वा निःशुल्क गर्ने भन्ने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्थाको अभाव भएकोले कानूनी शासनको मान्यता अनुरूप काम गर्न तथा कार्यसम्पादनमा एकरूपता कायम गर्ने सम्बन्धमा समेत स्पष्ट मापदण्ड निर्धारण गरी लागू गर्न गराउन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

**६६. रमेश अधिकारी विरूद्ध सूचना तथा सञ्चार मन्त्रालय (सम्वत् २०७० सालको पु.वे.नं. १९)** निर्णय मिति २०७०।१०।२।५

कानूनी राज्यमा कानूनी अधिकार प्रयोग गरी निर्णयगर्ने अधिकार पाएको निर्णयकर्ताले गरेको कामकारवाही र निर्णय पनि "कानूनसम्मत", "मुनासिब" र "स्वच्छ" हुनु पर्ने । निर्णयकर्ताको कामकारबाही र निर्णय अवैधानिक, अविवेकी वा कार्यविधिगत असँगति भएको अवस्थामा त्यस्तो निर्णय मान्य नहुने प्रशासकीय न्यायको आधारभूत मान्यता हो । कुनै पनि व्यक्तिको हक अधिकारमा असर गर्ने प्रकृतिको निर्णय गर्ने अधिकार पाएको निर्णयकर्ताको कामकारवाही र निर्णय कानून बाहिर गई गरेमा, अविवेकी निर्णय गरेमा, गलत निर्णय गरेमा, स्वविवेकीय अधिकारको दुरूपयोग गरी गरेको निर्णय, कसूरको मात्रा भन्दा बढी सजाय गरेको निर्णय वा कार्यविधिगत असँगति जस्ता अवस्था र स्थिति देखिएमा त्यस्तो कार्य र निर्णयले वैधता र मान्यता प्राप्त गर्न नसक्ने ।

राज्यशक्ति प्रयोग गर्ने अधिकारीले कानून र न्यायका आधारभूत सिद्धान्तको परिपालन गरी स्वच्छ र विधिसम्मत किसिमले निर्णय गर्नुपर्ने । राज्यका अधिकारप्राप्त अधिकारीले दुःख दिने नियतले वदनियतपूर्ण र जालसाजपूर्ण किसिमले कानून प्रतिकूल हुने गरी कसैउपर पनि कुनै काम कारवाही गर्नु नहुने । कुनै पनि अधिकारीको काम कारवाही पूर्वाग्रही र कपटपूर्ण हुनु नहुने । राज्यका

पदाधिकारीको काम कारवाही स्वच्छ विधिसम्मत, सदासययुक्त र पूर्वाग्रहरहित हुनुपर्ने । प्रस्तुत मुद्दामा उठाइएको राजीनामा स्वीकृतिको विषय यस अदालतको अधिकार क्षेत्रभित्रको नहुँदा त्यस प्रश्नमा प्रवेश गरी हेर्न सक्ने अवस्था नहुने ।

एकवर्षको प्रगति विवरण हेरी विदा थप गरिने शर्तसहित यी पुनरावेदक अध्ययन विदामा बसेको र एक वर्षपछि थप अध्ययन विदा पाउँ भनी प्रगति विवरणसहित विदा माग गरेकोमा विदा स्वीकृत नभएको जानकारी नपाएपछि आफ्नो सेवामा आफै सजग र चनाखो हुनुपर्नेमा सोतर्फ ध्यान दिएको नदेखिंदा मुलुकको सेवालाई प्राथमिकता दिएको नदेखिने । एक वर्षको अध्ययन विदा समाप्त हुने मितिमा कार्यालयमा हाजिर हुनु पर्नेमा करिव छ वर्षसम्म चुप लागेर बसी विभागीय कारवाहीको प्रक्रिया अघि बढेपछि यी पुनरावेदकले पटक-पटक फरक-फरक मिति उल्लेख गरी राजीनामा समेत दिएको देखिंदा तत्सम्बन्धमा यी पुनरावेदकको स्वच्छ व्यवहार समेत रहे भएको नदेखिने ।

**६७. खगेन्द्रप्रसाद मैनाली विरूद्ध यातायात व्यवस्था विभाग (सम्वत् २०७० सालको पु.वे.नं. २३)** निर्णय मिति २०७०।१२।१७।२

कानूनी राज्यमा निर्णयकर्ताले आफूले निर्णय गर्न लागेको विषयमा त्यस्तो निर्णय गर्ने अधिकार विधायिकी निर्देश बमोजिम आफूलाई छ भन्ने कुरा स्थापित गर्नुपर्दछ अन्यथा त्यस्तो निर्णयले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । अधिकार नै नभएको निकाय वा व्यक्तिले अधिकार प्रयोग गर्नु वा अधिकार भएको व्यक्ति वा निकायले कानूनले तोकेको भन्दा बढी अधिकार प्रयोग गर्नु वा अधिकारको सीमाभन्दा बाहिर गई कार्य गर्नु अधिकारक्षेत्रको त्रुटी हुन्छ । माथिल्लो तहको पदाधिकारीलाई भएको अधिकार तल्लो तहको अधिकारीले प्रयोग गरेमा वा तल्लो निकाय वा अधिकारीलाई भएको अधिकार माथिल्लो निकाय वा अधिकारीले मिचि वा हरण गरी गरेको निर्णय क्षेत्राधिकार हरण विरूद्धको सिद्धान्तको आधारमा अमान्य हुने ।

कानूनमा स्पष्ट व्यवस्था भएको अवस्थामा वाहेक न्यायिक अधिकार नतः प्रत्यायोजन नै हुन सक्दछ, नत अधिकारप्राप्त अधिकारीको स्वीकृती वा समर्थनले माथिल्लो अधिकारीले अनधिकृत रूपमा गरेको प्रयोगलाई नै कानूनी बनाउन सक्दछ । कानूनी शासनको सिद्धान्त बमोजिम जसलाई कानूनले अधिकार दिएको छ उसैले निर्णय गर्नुपर्दछ, कानूनले अधिकार नदिएको अवस्थामा माथिल्लो तहको अधिकारी भए पनि अधिकार ग्रहण गरी निर्णय गर्नु कानूनसम्मत नहुने हुँदा प्रस्तुत मुद्दामा उक्त व्यवस्थाको विपरीत तल्लो निकायमा भएको अधिकार ग्रहण गरी सजाय गर्नु अधिकारक्षेत्रको अभाव देखिएकोले उक्त निर्णय कानूनसम्मत नहुने ।

यातायात व्यवस्था कार्यालयमा विद्यमान अवस्थामा रहेका सवारी साधनहरूको दर्ता, नवीकरण, सवारी चालक अनुमतिपत्र समेतका पुराना ढङ्डामा रहेको अभिलेख कम्प्यूटरमा राखी वैज्ञानिक पद्धतीबाट पुरानो अभिलेख व्यवस्थामा सुधार गर्न, सेवाग्राहीहरूलाई सेवा प्रदान गर्न सहज बनाउनका लागि एकद्वार प्रणाली (*one door system*) बाट सेवा दिने व्यवस्था गर्न, अधिकारविहीन व्यक्तिहरूले कार्यालयको काममा दखल पुऱ्याउने गतिविधिहरू नियन्त्रण गर्न, यातायात कार्यालयमा हुने सवारी चालक अनुमतिपत्र नवीकरण, दर्ता किताव नवीकरण, सडक प्रयोग अनुमति (रूट परमिट) भएका स्थान, नयाँ सवारी अनुमतिपत्र वितरण भएको संख्या समेतका अभिलेखहरू स्पष्ट एकअर्का कार्यालयबाट हेर्न सकिने गरी ट्राफिक प्रहरी कार्यालय र यातायात कार्यालयको कम्प्यूटर सञ्जाल (*Networking*) गर्न, नेपालभरिका ट्राफिक कार्यालयको अभिलेख दुरूस्त गर्न क्षेत्रीय ट्राफिक कार्यालय, जिल्ला ट्राफिक कार्यालयको कम्प्यूटर सञ्जाल प्रहरी प्रधान कार्यालय ट्राफिक निर्देशनालयसँग गर्नका साथै महानगरीय प्रहरी महाशाखा र यसका मातहत

कार्यालय समेतमा कम्प्यूटर सञ्जालको व्यवस्था गरी समन्वयात्मक रूपमा कार्य गर्न गराउन यातायात व्यवस्था विभागका महानिर्देशक, प्रहरी प्रधान कार्यालय, ट्राफिक निर्देशनालयका प्रमुख र महानगरीय ट्राफिक महाशाखा प्रमुखका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

सवारी यातायात र ट्राफिक व्यवस्थापनका सम्बन्धमा प्रशासन सुधार सुझाव समिति, २०७० ले दिएको सुझाव समेतको अध्ययन गरी तत्सम्बन्धी राष्ट्रिय नीति निर्माण गरी लागू गर्न गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षणका लागि फैसलाको प्रतिलिपि पठाउने ।